# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक १८३ | काठमाडौं | आइतबार, १२ कात्तिक २०८० | Prabhab National Daily | Sunday, October 29, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**सामाजिक सञ्जाल प्रयोग गर्दा सतर्कता अपनाऔं**

**सामाजिक सञ्जालमा :**
- जातीय, धार्मिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने,
- राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा र आत्मसम्मानमा ठेस पुऱ्याउने
- जातीय भेदभाव, छुवाछुत, श्रमप्रति अवहेलना हुने,
- शान्ति-सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानुनले रोक लगाएका सामग्रीहरू प्रकाशन वा प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने,
- जस्ता विषयवस्तु पोष्ट वा शेयर गर्नु हुँदैन, त्यस्ता कार्य कानुनतः दण्डनीय हुन्छन् ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


मुगु घटना रहस्यमयी

# चारै जनाको शव परीक्षण, अनुसन्धान जारी



- तालिमप्राप्त कुकुरसहितको अनुसन्धान टोली घटनास्थलमा
- शनिबार साँझसम्म कोही पनि पक्राउ परेका छैनन्
- मृतकहरूको शव परीक्षण
- शंकास्पद केही प्रहरीको निगरानीमा

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** एकै परिवारका चार जनाको सामूहिक हत्या भएको मुगुको छायाँनाथ रारा नगरपालिका-६ मन्दु गाउँमा नेपाल प्रहरीको विभिन्न अनुसन्धान टोली खटिएका छन् ।

प्रहरी तालिम केन्द्र नेपालगञ्जबाट अपराध अनुसन्धानका लागि कुकुरसहितको प्रहरी टोली, सुर्खेतबाट वरिष्ठ सई नारायण शर्माको नेतृत्वमा पाँच सदस्यीय प्रहरी टोली र जुम्लाबाट अनुसन्धानका लागि अर्को टोली पनि खटिएको प्रदेश प्रहरी कार्यालयले जानकारी दिएको छ । जिल्ला प्रहरी कार्यालयबाट प्रहरी नायव उपरीक्षक वीरेन्द्र थापाको कमाण्डमा अर्को टोली पनि घटनाको अनुसन्धान गर्न घटनास्थलमा छ ।

तर, समाचार तयार पार्दासम्म हत्या घटनामा संलग्न भएको आरोपमा कोही पनि पक्राउ परेका छैनन् । जिल्ला प्रहरी कार्यालय मुगुका प्रवक्ता तथा प्रहरी निरीक्षक प्रकाश कार्कीले केही व्यक्तिलाई भने निगरानीमा राखिएको बताए । 'अहिलेसम्म हामीले कसैलाई पनि पक्राउ गरेका छैनौं । अनुसन्धानमै छौं,' उनले शनिबार साँझ प्रभावसँग भने, 'शंकास्पद केहीलाई निगरानीमा राखेका छौं ।'

शुक्रबार बिहान २८ वर्षीया श्रीदेवी बोहोरा, सात महिने छोरा रहर, आठ वर्षीया छोरी अप्सरा र ११ वर्षीय छोरा मनोज बोहोराका शव घरमै हत्या भएको अवस्थामा फेला परेका थिए । प्रहरी निरीक्षक कार्कीका अनुसार उनीहरूको शरीरको ठाउँठाउँमा धारिलो हतियार र ढुंगा प्रहार भएको देखिएको छ । शवहरूको शनिबार नै नेपालगञ्जबाट फरेन्सिक विशेषज्ञहरूको टोली घटनास्थल पुगेपछि जिल्ला अस्पतालमा परीक्षण गरिएको छ ।

गाउँलेहरूको भनाइ उद्धृत गर्दै प्रहरी निरीक्षक कार्कीले बताएअनुसार मृतक आमा श्रीदेवी आफ्ना छोराछोरीसहित ७ गते बिहान दसैंको टीका थाप्न सोही वडामा रहेको माइती गाउँ कोटिल्ला गएकी थिइन् । ८ गते बेलुका उनीहरू घर फर्केका थिए । तर, १० गते शुक्रबार बिहानसम्म उनको घर ताला लागेको अवस्थामा थियो । त्यसपछि छिमेकीहरूले फेरि श्रीदेवी माइती गए कि भनी माइतीमा फोन गर्दा ८ गते नै गएको भनेपछि छिमेकीले शुक्रबार बिहान १० बजेतिर ढोकाको ताला फोडेर भित्र हेर्दा चारै जनाको हत्या भएको देखेका थिए । लगत्तै गाउँलेहरूले प्रहरीलाई खबर गरे र जिल्ला प्रहरी प्रमुख डिएसपी थापाको कमाण्डमा टोली घटनास्थल पुगेको थियो ।

घटनास्थलमै रहेका प्रहरी निरीक्षक कार्कीले श्रीदेवीको घरको धनमाल नभएको र लगाइएका गहना पनि नभएको बताएका छन् । यी तथ्यहरूले लुटपाट गर्ने क्रममा लुटेराहरूले परिवारका सबैको हत्या गरेको हुन सक्ने देखिएको कार्की बताउँछन् । मृतक श्रीदेवीका पति वैदेशिक रोजगारीमा रहेका छन् ।

# महासचिव गुटेर्रेस नेपालमा

- नेपालको चार दिने औपचारिक भ्रमण
- मंगलबार संघीय संसद्को दुवै सदनलाई सम्बोधन गर्ने
- लुम्बिनी, स्याङ्बोचे र अन्नपूर्ण सर्किटको भ्रमणमा जाने
- राष्ट्रपति, प्रधानमन्त्री र पूर्वप्रधानमन्त्रीहरूसँग भेटवार्ता

**■ जेबी योञ्जन**

**काठमाडौं–** मध्यपूर्वमा इजरायल-हमासबीच युद्ध चर्किएपछि केही ढिला गरी संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेस नेपाल आइपुगेका छन् । प्रधानमन्त्री पुष्पकमल दाहालको निमन्त्रणमा चार दिने औपचारिक भ्रमणका लागि उनी आज बिहान १ बजे नेपाल आइपुगेका हुन् ।

नेपालमा शान्ति प्रक्रियाका बाँकी कार्यभार पूरा नभइरहेको अवस्थामा भएको महासचिव गुटेर्रेसको भ्रमणलाई अर्थपूर्ण रूपमा हेरिएको छ । गुटेर्रेसले बारम्बार नेपाल सरकारलाई संक्रमणकालीन न्याय प्रक्रिया टुंग्याउन दबाब दिँदै आएका छन् ।

उनले मंगलबार प्रतिनिधिसभा र राष्ट्रियसभाको संयुक्त बैठकलाई सम्बोधन गर्ने कार्यक्रम तय गरिएको छ । त्यस क्रममा उनले नेपालको शान्ति प्रक्रियालाई लिएर संयुक्त राष्ट्रसंघको धारणा राख्न सक्ने प्रतिनिधिसभाकी उपसभामुख इन्दिरा राना मगरले जानकारी दिइन् ।

'महासचिव गुटेर्रेस मानवअधिकारवादी नेता पनि हुनुहुन्छ । उहाँले नेपालमा संक्रणकालीन न्यायिक प्रक्रिया टुंग्याएर पीडित पक्षलाई राहत, परिपूरण र क्षतिपूर्तिका लागि सरकारलाई पटक-पटक दबाब दिँदै आउनुभएको छ,' उपसभामुख रानाले प्रभावसँग भनिन्, 'उहाँको चासो नेपालको शान्ति प्रक्रियामा रहन सक्छ ।'

यसअघि महासचिव गुटेर्रेसको नेपाल भ्रमण तालिका २६ देखि २९ असोज थियो । त्यसअघि नै संक्रमणकालीन न्यायसँग सम्बन्धित दुईवटा विधेयक पारित गर्ने सरकारको तयारी भएको थियो । प्रतिनिधिसभाको कानुन, न्याय तथा मानवअधिकार समितिले विधेयक पारित गर्नुअघि भने शीर्ष नेताहरूको राय लिन चाहेको थियो । तर, राय लिएकै छैन । यहीबेला महासचिव गुटेर्रेस नेपाल भ्रमणमा आइपुगेका हुन् ।

गुटेर्रेसको भ्रमण र संसद्मा हुने सम्बोधनले नेपालको शान्ति प्रक्रियाको अतिरिक्त गाजामा इजरायल र प्यालेस्टाइनी लडाकु समूह (बाँकी पृष्ठ ५ मा)



## अनुभवी कूटनीतिज्ञ गुटेर्रेस

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेस पोर्चुगलका पूर्वप्रधानमन्त्री हुन् । उनी १९९५ देखि २००२ सम्म त्यहाँका प्रधानमन्त्री भएका थिए । समाजवादी नेता गुटेर्रेस ७४ वर्षका भएका छन् । उनी संयुक्त राष्ट्रसंघको नवौं महासचिव हुन् । त्यसअघि उनी राष्ट्रसंघको शरणार्थीसम्बन्धी निकायका प्रमुख थिए ।

सन् २०१७ देखि राष्ट्रसंघका महासचिव रहेका उनको यो दोस्रो कार्यकाल हो । राष्ट्रसंघको महासचिवलाई विश्वकै उच्च कूटनीतिज्ञ पनि मानिन्छ । उनै गुटेर्रेस शरणार्थीका लागि संयुक्त राष्ट्रसंघीय उच्चायुक्तको जिम्मेवारीमा रहँदा सन् २००७ मा नेपाल भ्रमणमा आएका थिए ।

अनुभवी राजनीतिज्ञ र कूटनीतिज्ञको छवि बनाएका गुटेर्रेस पोर्चुगलको लिस्वनमा जन्मेका हुन् । भौतिकशास्त्र तथा इलेक्ट्रिकल इन्जिनियर विषय अध्ययन गरेका उनीसँग प्राध्यापनको पनि अनुभव छ ।

> महासचिव गुटेर्रेसको भ्रमण र संसद्मा हुने सम्बोधनले नेपालको शान्ति प्रक्रियाको अतिरिक्त इजरायल र गाजाको लडाकु समूह हमासलाई युद्ध, नेपालको शान्ति सेनामा सहभागिता र जलवायु परिवर्तनको प्रभावका विषयमा विश्व समुदायको ध्यान आकृष्ट गर्न पनि मद्दत पुग्नेछ ।
>
> ■ **इन्दिरा राना मगर**
> उपसभामुख, प्रतिनिधिसभा

## 'अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको प्रतिष्ठा बढ्छ'



**पुष्पकमल दाहाल**
प्रधानमन्त्री

**काठमाडौं (प्रस)–** प्रधानमन्त्री पुष्पकमल दाहालले संयुक्त राष्ट्र संघका महासचिव एन्टोनियो गुटेर्रेसको नेपाल भ्रमणबाट विश्व समुदायमा नेपालको प्रतिष्ठा अभिवृद्धि हुने विश्वास व्यक्त गरेका छन् । बडादसैं, तिहार, नेपाल संवत् र छठलगायत पर्वका अवसर पारेर नेपाली कांग्रेसले पार्टी केन्द्रीय कार्यालयमा शनिबार आयोजना गरेको चियापान तथा शुभकामना आदानप्रदान कार्यक्रममा सञ्चारकर्मीसँग कुराकानी गर्दै उनले नेपाली जनताको आवश्यकता सम्बोधन गर्न उक्त भ्रमणबाट महत्त्वपूर्ण सहयोग मिल्ने बताए ।

प्रधानमन्त्री दाहालले राष्ट्रसंघका महासचिवले नेपाल भ्रमणका क्रममा जलवायु परिवर्तन, शान्ति प्रक्रिया र नेपालको आर्थिक विकासको लक्ष्यबारे सम्बोधन गर्ने कार्यक्रम रहेको जानकारी दिए । महासचिवको भ्रमणलगत्तै कतारका राजा पनि नेपाल भ्रमणमा आउन लागेको जानकारी दिँदै उनले नेपालको कूटनीतिक सफलताको परिणामस्वरूप उच्चस्तरीय भ्रमण हुन लागेको बताए ।

'यसबीचमा मैले भारत, अमेरिका र चीनको भ्रमणको सन्दर्भमा जुन कूटनीतिक पहल (बाँकी पृष्ठ ५ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

# 'नेताहरूकै कारण युवाहरू विदेसिन बाध्य'

**■ प्रभाव संवाददाता**









**काठमाडौं–** गैरआवासीय नेपाली एवं सरोकारवालाहरूले दलका नेताहरूकै कारण युवाहरू विदेसिन बाध्य भएको बताएका छन् । उनीहरूले शुक्रबार यहाँ पत्रकार सम्मेलन गरी गैरआवासीय नेपाली संघ (एनआरएनए) को ११औं महाधिवेशनको क्रममा नेकपा एकीकृत समाजवादीकी सचिव रामकुमारी झाँक्रीले एनआरएनप्रति दिएको अभिव्यक्तिको कटाक्ष गर्दै यस्तो बताएका हुन् ।

नेताहरूकै कारण नेपाली युवा विदेसिन परिरहेको अवस्थामा झाँक्रीको अभिव्यक्ति गैरजिम्मेवार रहेको उनीहरूको भनाइ छ । महाधिवेशनको क्रममा सचिव झाँक्रीले एनआरएनलाई दिएको दोहोरो नागरिकताको सुविधामा राजनीतिक अधिकार नभएको स्पष्ट पार्दै विदेशमा बसेर नेपालबारे टिप्पणी नगर्न आग्रह गरेकी थिइन् । दोहोरो नागरिकतामा पूर्ण अधिकार नदिइएको भन्दै एनआरएनहरूबाट विरोध उठेपछि उनले सो अभिव्यक्ति दिएकी थिइन् ।

पत्रकार सम्मेलनमा बोल्दै श्रीराम कँडेलले झाँक्रीजस्ता नेताहरूकै कारण आफूहरू विदेसिनु परेको आरोप लगाए । 'राजनीतिले नेपाललाई बिगाऱ्यो, कमजोर बनायो, अहिले एसियाको एक नम्बर गरिब भइसक्यो । अब विश्वको एक नम्बरमा पुऱ्याउने दौडमा नेताहरू छन्,' उनले भने ।

एनआरएनहरूले विदेशमा बाध्यताले त्यहाँको ग्रिनकार्ड, पिआरलगायतको सुविधा लिएको उनको भनाइ छ । त्यहाँको ग्रिनकार्ड, पिआर लिनु नेपालीहरूका लागि रहर नभएर बाध्यता रहेको उनको दाबी छ । त्यहाँको सेवा, सुविधा लिन, बैंक खाता सञ्चालन गर्नलगायतका काममा त्यहाँको स्थायी आवासीय प्रमाणपत्र लिन नेपालीहरू बाध्य हुने कँडेलले बताए ।

'नेपालमा बस्नका लागि युवाहरूलाई अत्यन्त कठिन र पीडा भएपछि बाध्यताले पेट पाल्न र आफ्नो सन्ततीको भाग्य भविष्य निर्माण गर्न विदेश जानुपरेको हो,' उनले भने, 'रामकुमारी झाँक्रीजस्ता नेताहरूले यो बाध्यता बुझ्न आवश्यक छ ।'

विदेसिएका नेपालीले त्यहाँको ग्रिनकार्ड, पिआरलगायतको सुविधा लिँदैमा यहाँको वंशजको नागरिकता त्याग्नुपर्ने व्यवस्था उपयुक्त नभएको उनको भनाइ छ । आफ्नो देशमा रोजगारी नभएर विदेसिएका नेपालीहरूको वंशजको नागरिकताको सम्बन्ध टुटाउने वातावरण अहिलेको व्यवस्थाले गरेको कँडेलले जिकिर गरे ।

अर्का वक्ता एनआरएनएका अभियन्ता कृष्ण खतिवडाले आफूहरूले भित्रभित्रै उठाइरहेको बहस झाँक्रीले सुनामीको रूपमा नेपाली राजनीतिमा ल्याइदिएको भन्दै धन्यवादव्यक्त गरे । झाँक्रीको अभिव्यक्तिले यो मुद्दालाई हरेक घरघरमा पुऱ्याएको उनले बताए । आज नेपालमा रोजगारी र अवसर नपाएर विदेसिने युवाहरू हरेक घर-घरमा रहेको बताउँदै उनले विदेशमा गएपछि त्यहाँको परिस्थितिमा बाँच्ने र टिक्ने उपाय गर्नु स्वाभाविक भएको बताए । विदेशमा गएपछि पिआर लिनु बाध्यता रहेको उनको भनाइ छ । अहिलेको संविधानका कारणले विदेशमा गएर दुःख गरिरहेका मूलवासीलाई बाहिर लखेट्ने काम भएको उनले बताए ।

प्रायः एनआरएनएलाई विदेशमा दुःख नभए पनि आफूहरू आत्मसम्मानका लागि बोलिरहेको उनले बताए । मूलवासीलाई विदेश लखेट्ने र विहारीले देश भर्ने काम भइरहेको उनको आरोप छ । नेपालको कानुनले नेपाली मुलवासीलाई नेपाल फर्किने र अधिकारको उपभोग गर्ने ढोका बन्द गर्न नहुने उनले बताए ।

अर्का वक्ता योगेन क्षेत्रीले यो देशमा बस्न पाउने र नागरिकताको अधिकार एनआरएनले पनि पाउनुपर्ने बताए । संसारको कुनै पनि देशले वंशजको नागरिकलाई कानुन बनाएर, नियम बनाएर अनागरिक बनाउन नपाउने उनले बताए । नागरिकता प्राप्त गरेर राजनीतिक अधिकार हुने नागरिकता (बाँकी पृष्ठ ५ मा)




## नेपाल र संयुक्त राष्ट्रसंघ

# ६५ वर्षदेखि दर्विलो साथ र सहयोग

■ नारायण न्यौपाने



**काठमाडौं–** संयुक्त राष्ट्रसंघको विश्व शान्ति अभियानमा नेपालको ६५ वर्षदेखि दर्विलो साथ र सहयोग रहँदै आएको छ भने नेपालको परराष्ट्र नीतिमा पनि राष्ट्रसंघकै बडापत्रको सिद्धान्तलाई सर्वाधिक प्राथमिकता दिइएको छ ।

नेपालले कुनै गुट वा उपगुटमा संलग्न नभई राष्ट्रसंघको आह्वानमा द्वन्द्वग्रस्त मुलुकमा शान्ति सेना उपलब्ध गराउने सिलसिलामा संयुक्त राष्ट्रसंघको झण्डामुनि मात्र जाने राष्ट्रिय नीति अवलम्बन गरेको छ ।

सन् १९४५ अक्टोबर २४ राष्ट्रसंघको स्थापना भएकामा नेपाल सन् १९५५ डिसेम्बर १४ मा संयुक्त राष्ट्रसंघको सदस्य बनेको थियो । नेपालले सन् १९६९-७० र सन् १९८८-१९८९ मा दुईपटक राष्ट्रसंघको शक्तिशाली सुरक्षा परिषद्को अस्थायी सदस्यको भूमिकासमेत सफलतापूर्वक निर्वाह गरिसकेको छ ।

अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्ने, राष्ट्रबीच मैत्रीपूर्ण सम्बन्ध विकास गर्ने तथा आर्थिक, सामाजिक, सांस्कृतिक वा विश्वकल्याणकारी प्रकृतिका अन्तर्राष्ट्रिय समस्या समाधान गर्ने मुख्य उद्देश्य संयुक्त राष्ट्रसंघको रहेको छ । राष्ट्रसंघको शान्ति सहायता अभियानमा नेपाली सेनाको सहभागिता साढे छ दशकभन्दा बढीको छ । सन् १९५८ मा लेवनानमा पाँच सैनिक पर्यवक्षकको तैनाथबाट सेनाको राष्ट्रसंघ शान्ति सहायता अभियानसँगको सहकार्य सुरु भएको हो ।

पहिलो नेपाली युनिट पुरानो गोरखगण सन् १९७४ मा इजिप्टमा तैनाथ भएको थियो । नेपाल तत्कालीन समयदेखि नै राष्ट्रसंघका अधिकांश शान्ति 'मिसन'मा सक्रिय सहभागी हुँदै आएको छ ।

यस अवधिमा लगभग ४४ मिसनमा एक लाख ४६ हजार ६२३ नेपाली शान्ति सैनिकले भाग लिइसकेका छन् । सेनाले इन्जिनियर, मेडिकल र विशेष फौजको टुकडीजस्ता विशिष्ट क्षमताको फौज सहभागी गराएर राष्ट्रसंघको शान्ति कार्यमा महत्त्वपूर्ण योगदान दिइरहेको छ ।

नेपाली शान्ति सैनिकको कर्तव्यप्रति निष्ठा र उत्कृष्ट कार्यसम्पादनको राष्ट्रसंघलगायत निकायबाट उच्च प्रशंसा हुँदै आएको छ । शान्ति स्थापनार्थ खटिएका नेपाली सैनिकले जहिले पनि चुनौतीलाई स्वीकार गर्दै कठिन जिम्मेवारी बहन गर्दै आएको छ ।

विश्व शान्ति स्थापना कार्यमा संलग्न हुने सिलसिलामा हालसम्म ७२ नेपाली शान्ति सैनिकको वीरगति प्राप्त गरेका छन् भने ६६ जना घाइते भएका छन् । शान्ति सैनिक खटाउने मुलुक सूचीमा नेपाल हाल दोस्रो ठूलो वरीयतामा भएको राष्ट्र हो । विश्वका १३ मिसनमा हाल नेपाली सेनाका पाँच हजार ८२६, नेपाल प्रहरीका ४४ र सशस्त्र प्रहरी बल नेपालका १९४ गरी छ हजार ६४ शान्ति सैनिक तैनाथ छन् । त्यसमध्ये ५८६ महिला शान्ति सैनिक रहेको नेपाली सेनाका प्रवक्ता कृष्णप्रसाद भण्डारीले बताए ।

राष्ट्रसंघको आह्वान भएको खण्डमा नेपालले शान्ति कार्यमा १० हजारसम्म तालिम प्राप्त शान्ति सेनालाई परिचालन गर्न सकिने प्रतिबद्धता यसअघि नै जनाइसकेको छ । नेपाली सेनाले राष्ट्रसंघ स्थापना दिवस हरेक वर्ष विविध कार्यक्रम गरी मनाउने र त्यस अवसरमा नेपालले पुऱ्याएको योगदानको समीक्षा गर्ने अभ्यास रहिआएको छ ।

यस वर्ष पनि सेनाले यही कात्तिक १ गते शान्ति पदयात्रासहित उपप्रधानमन्त्री एवं रक्षामन्त्री प्रमुख आतिथ्यमा 'युएन डे' कार्यक्रम गरेको थियो । सो अवसरमा उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले नेपाल संयुक्त राष्ट्रसंघको बडापत्रको दृष्टिकोण, लक्ष्य र उद्देश्यप्रति प्रतिबद्ध रहेको उल्लेख गरेका थिए ।

'शान्ति म बाट सुरु हुन्छ' भन्ने नाराका साथ आयोजित समारोहमा उनले संयुक्त राष्ट्रसंघको बडापत्रको आदर्श र विश्व शान्तिको उद्देश्यप्रति नेपालको प्रतिबद्धता स्पष्ट पारे । 'संयुक्त राष्ट्रसंघको बडापत्र नेपालको परराष्ट्र नीतिको एउटा मार्गदर्शक सिद्धान्त हो,' उपप्रधानमन्त्री खड्काले भने, 'नेपालले अन्तर्राष्ट्रिय मञ्चमा शान्ति र समानताका लागि सदैव जोड दिँदै आएको छ । नेपाल सधैं विश्व शान्ति र सद्भावका लागि प्रतिबद्ध छ ।'

राष्ट्रसंघले नेपालमा भएको १० वर्षे सशस्त्र द्वन्द्व समाधानका लागि नेपालस्थित संयुक्त राष्ट्रसंघीय मिसन (अनमिन) पठाएरसमेत सहयोग पुऱ्याएको थियो । राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसको यही कात्तिक १२ गतेदेखि हुने चार दिने नेपाल भ्रमणका क्रममा विश्वसंस्था र नेपालबीच रही आएको सम्बन्ध र शान्ति प्रयासमा नेपालले निर्वाह गर्दैआएको भूमिकाको विचार विमर्श र समीक्षा हुनेछ । उनी प्रधानमन्त्री पुष्पकमल दाहालको मैत्रीमूर्ण निमन्त्रणामा नेपालको औपचारिक भ्रमणमा आएका हुन् ।

राष्ट्रसंघका महासभा, सुरक्षा परिषद्, अन्तर्राष्ट्रिय न्यायालय, आर्थिक तथा सामाजिक परिषद्, जिम्मा जमानी परिषद् र सचिवालय राष्ट्रसंघका अंग हुन् । अन्तर्राष्ट्रिय श्रम, खाद्य तथा कृषि, विश्व स्वास्थ्य, हुलाक, नागरिक उड्डयन, जलवायु, बौद्धिक सम्पत्ति, सामुद्रिक, कृषि विकास कोष, औद्योगिक विकास र पर्यटन संगठनलगायत उक्त विश्व संस्थाका १५ विशिष्टीकृत निकाय छन् । राष्ट्रसंघका ती संस्थाले नेपालको शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, जलवायु र हुलाकका क्षेत्रमा सहयोग पुऱ्याउँदै आएका छन् ।

शान्ति स्थापना कार्यमा डिजिटल प्रविधिको विकास तथा नवीनतम् प्रविधिको प्रयोग गर्ने उद्देश्यले राष्ट्रसंघ सचिवालय सहयोग परिचालन विभागद्वारा गत जेठ ३० देखि असार १ गतेसम्म शान्ति स्थापना कार्यमा सहकार्य विषय यहाँ संगोष्ठीसमेत गरिएको थियो । सातौं संस्करणको उक्त गोष्ठी 'शान्ति स्थापना कार्यमा प्रविधिका लागि सहकार्य' विषयमा केन्द्रित थियो ।

वर्तमान विश्वमा भइरहेको सूचना प्रविधिको तीव्रतम विकास र बदलिँदो सुरक्षा परिस्थितिअनुरूप शान्ति कार्य मिसनमा प्रयोग भइरहेका प्रविधि, चुनौती र असल अभ्यासबारे सदस्य राष्ट्रबीच अनुभव आदानप्रदान गर्ने हेतुले नेपालले उक्त कार्यक्रम गरेको हो । *रासस*


**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित मिति २०८०/०७/१२ गते)

जुखु थापा मगरको नाति, भिम बहादुर थापा मगरको छोरा, चन्द्रामाया थापा मगरको श्रीमान तनहुँ जिल्ला, म्याग्दे गाउँपालिका वडा नं १ बस्ने रेबती बहादुर थापा मगरको मिति २०८०।०५।२८ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको जामुने शाखामा रहेको खाता नं २८४०१६२२०५००००01 मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमती चन्द्रामाया थापा मगरले यस बैंकको जामुने शाखामा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागज सहित यस बैंकको शाखा कार्यालय जामुनेमा हकदावी गर्न आउनु होला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय जामुने, तनहुँ फोन नं. ०६५-४०१२१०


## राष्ट्रपतिले गरे नवदुर्गाको विशेष पूजा

**भक्तपुर (प्रस)–** कोजाग्रत पूर्णिमाको अवसरमा शनिबार राष्ट्रपति रामचन्द्र पौडेलले भक्तपुरस्थित नवदुर्गा मन्दिरमा नवदुर्गा भवानीको पूजाअर्चना गरी टीका, प्रसाद ग्रहण गरेका छन् । प्रथम महिला सविता पौडेलसहित राष्ट्रपति पौडेलले नवदुर्गाको विशेष पूजा गरेका हुन् ।

राष्ट्रपतिले नवदुर्गालाई ८४ व्यञ्जन अर्पण गर्दै विशेष पूजा गरे । साथै उनले नवदुर्गा नाचसमेत अवलोकन गरेका छन् । राष्ट्रपति पौडेललाई रमेश कर्माचार्यले नवदुर्गाको संकल्प पूजा गराएका थिए । त्यसैगरी नवदुर्गाका मूल नाइके कृष्णकुमार बनमाला, सहायक नाइकेहरू भैलबहादुर बनमाला र इन्द्रबहादुर बनमालाले नवदुर्गाको प्रसाद प्रदान गरेका थिए । राष्ट्रपति पौडेलले नवदुर्गा देवगणको दर्शन पनि गरेका थिए ।

विगतका वर्षमा नवदुर्गा मन्दिर प्रवेश गरी राष्ट्रप्रमुखले दर्शन गर्ने परम्परा रहेकामा यो वर्ष मन्दिरको प्रांगणमा विशेष पूजा गरिएको थियो । राष्ट्रपति पौडेललेलाई बागमती प्रदेशका पशुपक्षीमन्त्री डा राजेन्द्रमान श्रेष्ठ, बागमती प्रदेशसभा सदस्यद्वय किरण थापा र सुरेश श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी रोशनीकुमारी श्रेष्ठ, सहायक प्रमुख जिल्ला अधिकारी डोलेन्द्र निरौला, गुठी संस्थान कार्यालय भक्तपुरका प्रमुख खिमा वलीले स्वागत गरेका थिए ।

## सार्कका नवनियुक्त महासचिवले सम्हाले कार्यभार



**काठमाडौं (प्रस)–** दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क)का नवनियुक्त महासचिव गोलाम सरवरले कार्यभार सम्हालेका छन् । सार्क मन्त्रिपरिषद्ले उनको नियुक्तिलाई अनुमोदन गरेसँगै उनले गत मंगलबारदेखि कार्यभार सम्हालेको सार्क सचिवालयले शनिबार जानकारी दिएको छ ।

नवनियुक्त महासचिव सार्कको १५औं महासचिव हुन् । उनी बंगलादेशको प्रतिनिधित्व गर्ने तेस्रो कूटनीतिक कर्मचारी हुन् । सन् १९९१ मा बंगलादेशको कूटनीतिक सेवा प्रारम्भ गरेका महासचिव सरवरले मलेसिया, ओमन, स्वीडेनमा बंगलादेशी राजदूतका रूपमा सेवा गरिसकेका छन् । उनले क्वालालम्पुर, काठमाडौं, यांगुन र वासिङ्टन डिसीमा पनि बंगलादेशको कूटनीतिक अधिकारीका रूपमा काम गरिसकेका छन् ।

सन् १९६६ मा जन्मिएका महासचिव सरवरले वाणिज्यशास्त्रमा स्नातकोत्तर उपाधि हासिल गरेका छन् । उनले जर्मनीबाट कूटनीतिसम्बन्धी तालिम पनि लिएका छन् ।


**Invitation for Bids**

**Raskot Municipality, Kalikot**

**Date of Second publication: 2023/10/29**

1. Raskot Municipality, Kalikot invites open competitive bidding from the eligible Nepalese bidders (suppliers or authorized dealer) for the procurement mentioned below: for detail information visit PPMO's Web site: www.bolpatra.gov.np./egp
2. Bidder has to submit their bid electronically only and may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Information to deposit the cost of bidding fee in Bank:
   **Name of the Bank: Global IME Bank, Raskot** **Name of Office : Raskot, Municipality**
   **Account Name: Aantarik Rajaswa khata, Raskot** **Account number: E204010000009**
4. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 2023/11/13 at 12 noon. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2 PM on 2023/11/13 at the office of Raskot Municipality, kalikot . Bids must be valid for a period of 45 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security. The details of bid securities of different packages are listed in table below.
6. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Any provision which are not mentioned in this notice will be consistent with public procurement act (PPA), 2063/ public procurement regulation (PPR), 2064 and other prevailing Nepalese laws.
9. All the rights whether to accept or reject the bid partially and fully are reserved to Raskot Municipality, Kalikot.

| Description of Work | Estimated Amount, NRs (without VAT) | Bid Security Amount (NRs.) | Bid validity period/Bid security period/Bid security fee |
|---|---|---|---|
| Supply, delivery and unloading of Construction Materials for Chettadi Kulo Irrigation system up to Store at Raskot Municipality-01(Bahaltola), Kalikot (IFB No. : RM/080-81/GOODS/SQ-02) | 1,034,367.34 | 28,000.00 | 45days/75days/ NRs.1000 |

**सुन्दरहरैँचा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**विराटचौक, मोरङ**
**कोशी प्रदेश, नेपाल**

# प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्क/नदिजन्य पदार्थ उत्खन्न, संकलन र विक्रीबाट प्राप्त हुने शुल्क ठेक्का बन्दोबस्ती सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८०/०७/१२ गते)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (घ) (६) तथा दफा ६४ उपदफा १ (च) बमोजिम सुन्दरहरैँचा नगरपालिका नगरकार्यपालिकाको कार्यलयले चुरे तथा वन क्षेत्र वाहेकका आईईमा तोकिएको क्षेत्र र नाकावाट ढुंगा,गिटि,ग्रावेल, वालुवा र भरौट उत्खनन संकलन तथा बिक्री शुल्क असुली गर्न तपशिल बमोजिमको खोलावाट तोकिएको परिमाणमा ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र तपशिल बमोजिमको शर्तको अधिनमा रहि विध्युतिय माध्यमवाट वोलपत्र पेश गर्नुहुन सम्वन्धित सवैका लागि यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

**ठेक्काको नाम:- प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्क/नदिजन्य पदार्थ उत्खन्न, संकलन र विक्रीबाट प्राप्त हुने शुल्क ।**

**लोहान्द्रा खोलाका नाकाहरुबाट उत्खन्न गर्न सकिने नदिजन्य पदार्थको विवरण**

| क्र.सं. | ठेक्का नं. | ठेक्काको नाम | उत्खनन हुने क्षेत्र | उत्खनन योग्य परिमाण (घन फिट) | न्युनतम ठेक्का अंक रु. (भ्याट वाहेक) | वोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | राजश्व १३/१०५/१ | लोहन्द्रा खोला बाट खोला/नदिजन्य पदार्थ (ढुंगा,गिटि,ग्रावेल, वालुवा र भरौट) उत्खनन संकलन र बिक्रिको शुल्क असुली सम्वन्धी कार्य | लोहन्द्रा खोलाको आईईले तोकेका नाका तथा क्षेत्रहरु (नाकाहरुको विवरण नगरपालिकाको वेवसाईडमा रखिएको छ ) | १७००९९९ | १,१०,२१,८०२.३५ | ३०००।०० | |

स्टक प्रमाणित बाहेको)

**गछिया खोलाका नाकाहरुबाट उत्खन्न गर्न सकिने नदिजन्य पदार्थको विवरण**

| क्र.सं. | ठेक्का नं. | ठेक्काको नाम | उत्खनन हुने क्षेत्र | उत्खनन योग्य परिमाण (घन फिट) | न्युनतम ठेक्का अंक रु. (भ्याट वाहेक) | वोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| २. | राजश्व १३/१०५/२ | गछिया खोला बाट खोला/नदिजन्य पदार्थ (ढुंगा,गिटि,ग्रावेल, वालुवा र भरौट) उत्खनन संकलन र बिक्रिको शुल्क असुली सम्वन्धी कार्य | गछिया खोलाको आईईले तोकेका नाका तथा क्षेत्रहरु (नाकाहरुको विवरण नगरपालिकाको वेवसाईडमा रखिएको छ ) | २८१९८२२ | १,७९,४६,९३०.२८ | ५०००।०० | |

(स्टक प्रमाणित बाहेको)

**बुढी खोलाका नाकाहरुबाट उत्खन्न गर्न सकिने नदिजन्य पदार्थको विवरण**

| क्र.सं. | ठेक्का नं. | ठेक्काको नाम | उत्खनन हुने क्षेत्र | उत्खनन योग्य परिमाण (घन फिट) | न्युनतम ठेक्का अंक रु. (भ्याट वाहेक) | वोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ३. | राजश्व १३/१०५/३ | बुढीखोला बाट खोला/नदिजन्य पदार्थ (ढुंगा,गिटि,ग्रावेल, वालुवा र भरौट) उत्खनन संकलन र बिक्रिको शुल्क असुली सम्वन्धी कार्य | बुढीखोलाको आईईले तोकेका नाका तथा क्षेत्रहरु (नाकाहरुको विवरण नगरपालिकाको वेवसाईडमा रखिएको छ ) | ६७४९५७.२२ | ३९,७१,५२७.९६ | ३०००.०० | |

(स्टक प्रमाणित बाहेको)

नोट:खोलाजन्य पदार्थको दररेट सम्वन्धी व्यवस्था कोशी प्रदेश सरकारको आर्थिक अध्यादेश २०८० को दफा ७ को उपदफा १ र सो सँग सम्वन्धीत अनुसुची ५ मा उल्लेख भए बमोजिम निम्नानुसारको हुनेछ ।

| विवरण | ढुंगा | ग्रावेल/मिक्स गिटि | बालुवा | भरौट | कैफियत |
|---|---|---|---|---|---|
| दररेट(प्रति घ.फि.) | ७०० | ७०० | ६।०० | ४।०० | |

१. बोलपत्र फारम दस्तुर रकम ठेक्का नं. राजश्व १३/१०५/२ का लागि रु. ५०००/- (अक्षेरुपी रु पाँच हजार मात्र) र वाँकी ठेक्काका लागि रु. ३,०००/- (अक्षेरुपी रु तिन हजार मात्र) (पछि फिर्ता नहुने गरी) यस नगरपालिकाको कृषि विकास बैक शाखा कार्यालय बिराटचौकमा रहेको आन्तरिक राजश्व खाता नम्बर ०६०१५०११४७६३०१४६ मा जम्मा गरी सोको सक्कलै भौचर वा नगरपालिकाको कार्यालयमा रहेको राजश्च शाखामा जम्मा गरेको सक्कलै भौचर, फर्म वा कम्पनीले आन्तरिक राजश्व कार्यालयबाट प्राप्त भ्याट/पान दर्ता प्रमाण पत्रको प्रतिलिपी, आ.व. २०७९/०८० को करचुक्ता प्रमाणपत्र वा म्याद थप खुल्ने प्रमाण पत्रको प्रतिलिपी, स्वयमः घोषणा गरेको पत्र, स्थानीय तहमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपीका साथ कबोल अंकको ५ प्रतिशतमा नघट्ने गरी धरौटी रकम यस नगरपालिकाको कृषि विकास बैक शाखा कार्यालय बिराटचौकमा रहेको धरौटी खाता नम्बर ०६०१५०११४७६३००३० मा जम्मा गरी सोको सक्कलै भौचर वा सुन्दरहरैचा नगरपालिकाको नाममा जारी गरिएको १२० कार्यदिन भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैकको बिट बन्ड ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

२. बोलपत्र फारम र सो सँग सम्बन्धित कागजातहरु www.bolpatra.gov.np मार्फत डाउनलोड गर्न सकिनेछ ।

३. ठेक्का बोलपत्र फारम सहितका कागजातहरु मिति २०८०/०८/१३ दिनको १२:०० बजे भित्र अनिवार्य Online प्रणालीमा पेश गरी सक्नुपर्नेछ र सोहि दिनको १:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताहरुको प्रतिनिधिको रोहवरमा बोलपत्रहरु खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलपत्रदातारु/प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

४. बोलपत्र स्वीकृत पश्चात पत्र बुझेको वा सूचना प्रकाशन भएको वा आधिकारीक ईमेल ठेगानामा पत्र पठाईएको १५ (पन्ध्र) दिन भित्र सम्झौता गर्न नआएमा बोलपत्र जमानत वापतको धरौटी रकम जफत गरी स्वीकृत भएको बोलपत्रदातालाई कालोसूचिमा राख्न प्रचलित कानुन बमोजिम आवश्यक कारवाहिकको लागि सिफारिस समेत गरिनेछ । बोलपत्र दाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः बोलपत्र आह्वान गर्ने/नगर्ने अधिकार नियमानुसार यस कार्यालयमा सुरक्षित रहनेछ ।

५. बोलपत्रदाताले कबोल गरेको ठेक्का अंकको सम्पूर्ण रकम एकमुष्ट अग्रिम बुझाएमा भ्याट बाहेक कबोल अंकको १० प्रतिशत रकम छुट दिइनेछ । उक्त रकम सुन्दरहरैँचा नगरपालिकाको विभाज्य कोष खाता नं. ०६०१५०११४७६३०१११ मा दाखिला गर्नु पर्नेछ ।

६. कबोल अंकको हुन आउने १३% भ्याट रकम सम्झौताको समयमा अन्तरिक राजश्वको कार्यालयमा दाखिला गरेको भौचर/कागजात/प्रमाण पेश गर्नु पर्नेछ । त्यस्तै बोलपत्र दाताले कबोल रकम किस्तामा बुझाउन चाहेमा तीन किस्तामा सम्पूर्ण रकम बुझाउनु पर्नेछ । प्रथम किस्ता सम्झौताको समयमा कबोक अंकको ४० प्रतिशत जम्मा गरेको भौचर पेश गर्नु पर्ने, दोस्रो किस्ता कबोल अंकको ३० प्रतिशत २०८० पुष मसान्त भित्र र बाँकि अन्तिम तथा तेस्रो किस्ता कबोल अंकको ३० प्रतिशत २०८० चौत्र मसान्त भित्र बुझाइसक्नु पर्नेछ । दोस्रो र तेस्रो किस्ता वापत जम्मा रकम बराबर हुने गरी २०८१ असार मसान्त सम्म म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैकको परफरमेन्स बन्ड ग्यारेन्टी पेश गर्नु पर्नेछ । कबोल कर्ताले यस शर्त बमोजिम तोकिएको अवधि भित्र दोस्रो किस्ता बापतको रकम जम्मा नगरेमा ठेक्का तोडि तेस्रो किस्ता समेतको रकम २०८० फागुन १ गते पछि निज कबोलकर्ताले पेश गरेको परफरमेन्स बन्ड ग्यारेन्टी जनकारी नगराई जफत गरी असुल उपर गरिनेछ ।

७. ठेक्काको अवधि सम्झौता भएको मिति देखि २०८१ जेष्ठ मसान्त सम्मको लागि मात्र हुनेछ । यदि तोकिएको अवधिभन्दा पहिले नै आईई प्रतिवेदनमा तोकिएको परिमाण उत्खन्न भएमा थप उत्खन्न गर्न रोक लगाइनेछ । साथै आर्थिक बर्षमा घटेको महिना र दिनको आधारमा तोकिएको ठेक्का रकममा कुनै असर पर्ने/पार्ने तथा छुट हुने व्यवस्था छैन ।

८. आईई ले तोके बमोजिमको मापदण्डमा उत्खन्न भएको छ छैन, सो को अनुगमन वडा स्तरी अनुगमन समितिले समेत अनुगमन गर्नेछ । मापदण्ड विपरित उत्खन्न गरेको पाइएमा तत्काल काम बन्द गर्न लगाई नियमानुसार कारबाही गरिनेछ ।

९. कबोल रकम अंक र अक्षरमा स्पष्ट देखिने गरी उल्लेख गर्नु पर्नेछ । बोलपत्र फारममा उल्लेखित कबोल रकम अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

१०. बन्द हड्ताल, भुकम्प, बाढी पहिरो जस्ता प्राकृतिक र मानविय विपद्का कारण सृजित समस्याका कारण देखाई ठेकेदार व्यक्ति, फर्म र कम्पनीले छुट माग गरेमा कुनै प्रकारका छुट लगायतका अन्य सुविधा दिईनेछैन । साथै ठेकेदारले पनि शुल्क/कर छुट वा मिनाहा माग गर्न पाइनेछैन ।

११. शुल्क उठाउने रसिदमा ठेक्काको शिर्षक उल्लेख गरी ३/३ प्रति भएको रसिद ठेकेदार आफैले छपाई कार्यालयको प्रतिनिधिको प्रत्येक पानामा सहि र कार्यालायको छाप लगाई कार्यालयमा रसिद नं. दाखिला गरेर मात्र कर उठाउन पाइनेछ । त्यस्तो रसिद ठेलीको ८० प्रतिशत ठेली र सोको हिसाब विवरण पेश गरेपछि मात्र नँया रसिद ठेली जारी गरिनेछ । साथै १५-१५ दिनमा अनिवार्य रुपमा जारी भएका रसिदहरुको हिसाब विवरण नगरपालिकामा बुझाउँने दायित्व ठेकेदारको हुनेछ ।

१२. सम्मानीत अदालत, नेपाल सरकार, प्रदेश सरकार, नगरपालिकाको नीति, निर्देशन तथा आदेशको पालना गर्नु/गराउनु बोलपत्र दाताको कर्तव्य एवम् दायित्व हुनेछ । नीति निर्देशक वा अदालतको आदेश पालनाको कारणबाट कुनै क्षति हानि नोक्सानी हुन गएमा सोको क्षतिपूर्ति दाबी ठेकेदारले नगरपालिका सँग गर्न पाउने छैन ।

१३. नदिजन्य पदार्थको उत्खन्न, संकलन र बिक्रीको अनुगमनका प्रदेश अनुगमन समिति, जिल्ला अनुगमन समिति तथा समन्वय समिति र नगर स्तरिय तथा वडा स्तरीय अनुगमन समितिको निर्देश भए बमोजिम हुनेछ ।

१४. कर, दस्तुर, शुल्कको दर लगायत अन्य शर्तहरु बोलपत्रको शर्त तथा फारममा उल्लेख गरिएको छ । नेपाल सरकर, प्रदेश सरकार तथा स्थानीय सरकारलाई प्रचलित कानुन बमोजिम बुझाउनुपर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वंयमले सम्बन्धित निकायमा बुझाउनुपर्नेछ । सो बापत बुझाएको रकमलाई कबोल गरेको ठेक्का अंकबाट कट्टा गर्न पाइनेछैन ।

१५. नदी, खोला, बगर एवं सडक तथा सार्वजनिक आवागमनमा बाधा हुने गरी संकलन तथा सामान जम्मा गर्न पाइनेछैन ।

१६. ठेकेदारले शुल्क संकलन गर्न बस्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्नेछ र शुल्क संकलन गर्ने कर्मचारीलाई परिचय पत्र लगाएर मात्र संकलन कार्य गराउनुपर्नेछ ।

१७. नदिजन्य पदार्थ उत्खन्न, संकलन तथा बिक्री शुल्क प्रदेश सरकारले तोकेको दर बमोजिम (स्टक प्रमाणित बाहेक) उत्खन्न, संकलन तथा बिक्री गर्नुपर्नेछ । निर्धारित दररेट भन्दा बढी असुली गरेमा नियमानुसार कारबाही भई ठेक्का रद्द समेत हुन सक्नेछ ।

१८. उत्खन्न क्षेत्र, परिमाण, प्रविधि, तरिका र दुरीका सम्बन्धमा आईई प्रतिवेदनमा तोकिए बमोजिमका नाकाहरुबाट तोकिए बमोजिमको परिमाणमा उत्खन्न, संकलन र बिक्री गर्नु पर्नेछ ।

१९. नदिजन्य/खोलाजन्य पदार्थ उत्खन्न र संकलन गर्दा प्राकृतिक धारा, घाट, कुलो, पैनी, बाध, लोकमार्ग र सडक मार्ग एवं सार्वजनिक स्थललाई क्षति नपुग्ने गरी तोकिएका स्थान/नाकाहरुबाट मात्र तोकिए बमोजिम संकलन तथा ओसारपसार गर्नु/गराउनु पर्नेछ ।

२०. नगरपालिकाले स्वीकृत गरी अपलोड गरेको Bid Document नै यस प्रयोजनका लागि Standard Bid Document रुपमा मानिनेछ ।

२१. बोलपत्रदाताले नगरपालिकाबाट स्वीकृत गरी अपलोड गरेको खोलाजन्य पदार्थको उत्खन्न तथा बिक्री सम्बन्धी BoQ अंक र अक्षेरमा भरी सहिछाप गरी पेश गर्नुपर्नेछ । तर बोलपत्र दाताले अपलोड गरेको / भरेको कुनै कागजात आफ्नो कबोल अंक उल्लेख भएमा/गरेमा त्यस्तो बोलपत्रलाई समेत सार्वजनिक हितको सिद्धान्तका आधारमा मूल्याङ्कन प्रक्रियामा लैजान बाधा पुग्ने छैन ।

२२. नगरपालिकाले यस प्रक्रियामा भाग लिएका बोलपत्रदाताहरुको तोकिए बमोजिम मूल्याङ्कन गरी सारभुत रुपमा प्रभावग्राही ठहरिएको अधिकतम कबोल गर्ने बोलपत्रदातालाई सम्झौताका लागि आह्वान गर्नेछ । तोकिएको समय भित्र उल्लेखित बोलपत्रदाता सम्झौता गर्न नआए क्रमशः दोस्रो र तेस्रो लगायतका बोलपत्रदातालाई सम्झौताका लागि पत्रचार गरिनेछ । अधिकतम कबोल गर्ने बोलपत्रदाताहरु सम्झौता गर्न नआएमा निजहरुको सम्पूर्ण धरौटी वापतको रकम जफत गरी कालोसूचिमा राख्न सम्बन्धित निकायलाई सिफारिस गरिनेछ ।

२३. सम्झौता पश्चात बोलपत्रदाताले तोकिएको समयभित्र तोकिएको परिमाण उत्खन्न गरी भण्डारण गर्नु परेमा सुन्दरहरैँचा नगरपालिकाको पूर्व स्वीकित लिई तोकिएको स्थान र क्षेत्रमा भण्डारण गर्नु पर्नेछ । नदिजन्य/खोलाजन्य पदार्थ भण्डारण गर्दा ऐलानी पर्ति वा खोलाको बगर क्षेत्रमा भण्डारण गर्न पाईने छैन । स्वीकृति लिई भण्डारण गरिएको नदिजन्य पदार्थहरुको २०८१ असाढ मसान्त भित्र मौज्दात शून्य गरिसक्नु पर्नेछ ।

२४. २०८१ जेष्ठ मसान्त देखि २०८१ असार मसान्तसम्म सम्झौता गरेको बोलपत्रदाता वा सो समय भित्र वा पछि अन्य कानुन बमोजिम खोलाजन्य पदार्थ खरिद गरी मौज्दात गर्न योग्यता पुगेको व्यक्ति/फर्म/कम्पनीले मौज्दात गरेको परिमाण प्रमाणित गर्नु पर्ने भएमा (Stock प्रमाणित) प्रति घनफिट रु. ०.५० (पचास पैसा) का दरले नगरपालिकालाई प्रमाणित दस्तुर बुझाउनु पर्नेछ । असार मसान्त सम्म स्टक प्रमाणितका लागि पेश नभएका साथै नियमानुसार स्टक प्रमाणित नभएका नदिजन्य/खोलाजन्य पदार्थहरुको हकमा नगरपालिकाले जफत गरी लिलाम बिक्री वा आवश्यकता अनुसारको निर्णय गर्न सक्नेछ ।

२५. ठेक्का सम्झौता गर्ने फर्म/कमपनीको धरौटी रकम ठेक्का रकममा मिलान गरिने छैन त्यस्तै ठेक्का अवधि समाप्त भए पछि धरौटी रकम फिर्ता गर्दा आन्तरिक राजश्व कार्यालयमा कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी संलग्न राखि निवेदन पेश गर्नु पर्नेछ ।

२६. ठेक्का तयारी तथा सो सँग लाग्ने सम्पूर्ण खर्च बोलपत्रदाता आफै जिम्मेवार हुनुपर्नेछ ।

२७. आईई प्रतिवेदनमा उल्लेखि भएको शर्तको अधिनमा रही नदिजन्य पदार्थको उत्खन्न र संकलन गर्नुपर्नेछ साथै यस कार्यालयबाट गरिएको आईई प्रतिवेदन यस बोलपत्रको अभिन्न अंग हुनेछ ।

२८. बोलपत्रदाताले आफ्नो खर्चमा उत्खन्न हुन/गर्ने खोलाहरुको नाका भ्रमण गर्न सक्नेछन् ।

२९. उत्खन्न, संकलन तथा बिक्री गरी बाँकी रहन गएको नदिजन्य/खोलाजन्य पदार्थको स्टकमा कोशी प्रदेशको कानुन बमोजिमको शुल्क बुझाई स्टक प्रमाणित गर्नु पर्नेछ ।

३०. बोलपत्र कागजात वा बोलपत्र सूचनामा कुनै फरक पर्न गएमा सच्याउने अधिकार यस कार्यालयमा निहित हुनेछ ।

३१. एउटा फर्म वा कम्पनीले खरिद गरेको बोलपत्र अर्को फर्म वा कम्पनीको नाममा प्रयोग/दाखिला गर्न पाउने छैन ।

३२. कर असुलिको दररेट सरोकारवाला सबैले देख्ने गरी राख्नु पर्ने दायित्व ठेकेदार स्वयमको हुनेछ ।

३३. बोलत्रदाता तथा नगरपालिकाका बिच कुनै किसिकमको मत भिन्नता भएमा नगरपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ ।

३४. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा निहित रहनेछ ।

३५. यस प्रक्रियामा सहभागी हुने बोलपत्रदाताले सूचना उल्लेखित सम्पूर्ण शर्तहरु र लाई स्वीकार गरी समाबेश भएको/गरिएको मानिनेछ ।

३६. माथि उल्लेखित शर्तहरुको थप प्रष्टिकरण र व्यख्या साथै सूचनामा उल्लेख नभएका अन्य विषयहरुको हकमा प्रचलित कानुन र स्थापित हितका मान्यता मुताबिक हुनेछ ।

३७. यो सूचनाको उल्लेख भएका बिषयहरु यसै सूचना बमोजिम र अन्य कुराको हकमा प्रचलित ऐन, कानुन तथा सुन्दरहरैँचा नगरपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# महासचिव गुटेरेसको भ्रमणको सन्देश

**सन् १९५५ डिसेम्बर १४ मा संयुक्त राष्ट्रसंघको सदस्य बनेयता नेपालले राष्ट्रसंघको झण्डामुनि रहेर महत्त्वपूर्ण भूमिका खेल्दै आएको छ । नेपालको परराष्ट्र नीतिमा राष्ट्रंघको बडापत्रलाई अनुशरण गरिएको छ। विश्वमा शान्ति स्थापना गर्ने राष्ट्रसंघको हरेक अभियानमा नेपालले साथ दिँदै आएको छ।**

**नेपालले सन् १९६९-७० र सन् १९८८-१९८९ मा दुईपटक राष्ट्रसंघको शक्तिशाली सुरक्षा परिषद्को अस्थायी सदस्यको भूमिकासमेत सफलतापूर्वक निर्वाह गरिसकेको इतिहास छ । सन् १९५८ मा लेवनानमा पाँच सैनिक पर्यवक्षकको तैनाथबाट सेनाको राष्ट्रसंघ शान्ति सहायता अभियानसँगको सहकार्य सुरु भएको हो। पहिलो नेपाली युनिट पुरानो गोरखगण सन् १९७४ मा इजिप्टमा तैनाथ भएको थियो। नेपाल तत्कालीन समयदेखि नै राष्ट्रसंघका अधिकांश शान्ति 'मिसन'मा सक्रिय सहभागी हुँदै आएको छ । शान्ति सैनिक खटाउने मुलुक सूचीमा नेपाल हाल दोस्रो ठूलो वरीयतामा भएको राष्ट्र हो। विश्वका १३ मिसनमा हाल नेपाली सेनाका पाँच हजार ८२६, नेपाल प्रहरीका ४४ र सशस्त्र प्रहरी बल नेपालका १९४ गरी छ हजार ६४ शान्ति सैनिक तैनाथ छन् । त्यसमध्ये ५८६ महिला शान्ति सैनिक रहेका छन् ।**

**यता नेपालमा शान्ति स्थापनाका लागि पनि राष्ट्रसंघले भूमिका खेल्दै आएको छ। राष्ट्रसंघले नेपालमा भएको १० वर्षे सशस्त्र द्वन्द्व समाधानका लागि नेपालस्थित संयुक्त राष्ट्रसंघीय मिसन (अनमिन) पठाएरसमेत सहयोग पुऱ्याएको थियो। सशस्त्र द्वन्द्व अन्त्य गरी शान्तिपूर्ण अवस्थामा ल्याउन राष्ट्रसंघले नेपालका दलहरूलाई निरन्तर दबाब दिँदै आएको छ। द्वन्द्वमार्फत शान्तिपूर्ण राजनीतिमा आएको तत्कालीन नेकपा माओवादी (हाल माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल हाल देशको प्रधानमन्त्री छन्। यद्यपि, शान्ति प्रक्रियालाई टुंगोमा पुऱ्याउने काम अझै अपूरै रहेको छ। दलहरूबीचको खिचातानीले उक्त कार्यमा विलम्ब भइरहेको छ ।**

**यही सन्दर्भमा राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस चार दिने नेपाल भ्रमणका लागि आइपुगेका छन् । शान्ति प्रक्रियाका बाँकी काम छिटो टुंग्याउन निरन्तर दबाब दिँदै आएका उनी आफैं नेपाल भ्रमणमा आउनुलाई विशेष महत्त्वका साथ लिइएको छ। जुन स्वाभाविक पनि हो। यो भ्रमणले शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्नका लागि नेपाल सरकार र राजनीतिक दलका नेतृत्वहरूमा दबाब पुग्ने अपेक्षा गर्न सकिन्छ। यस हिसाबले गुटेरेसको नेपाल भ्रमणले एक सकारात्मक सन्देश जाने निश्चित छ। प्रधानमन्त्री दाहाल स्वयं यसका एक प्रमुख जिम्मेवार व्यक्ति भएको हुँदा उनलाई थप जिम्मेवार बनाउनसमेत गुटेरेसको भ्रमणले भूमिका खेल्न सकोस् । साथै, राष्ट्रसंघमा नेपालको भूमिका थप मजबुत बनाउन तथा नेपालका मुद्दाहरू सम्बोधन गराउनका लागि महासचिव गुटेरेसको नेपाल भ्रमण सार्थक बनोस् ।**

# अद्वैतवाद कलियुगको आशावादी दर्शन



▶▶ पदम श्रेष्ठ

बौद्ध धर्मको धम्मपदको पाँच श्लोक, गीताको ५५ अध्यायसम्म, कुरानको छ सुरको १०८ अल्लाहको पुकार र बाइबलको छ अध्याय मिथ्यु ७ को २७ देखि ३० मा झण्डै एउटै भाव प्रकट हुने उपदेश धर्म प्रवर्द्धकहरूले भनेका छन् । त्यो हो, आफ्ना सत्रुलाई पनि प्रेम गर, अरूले विकार गर्न खोज्छ भने पनि अरूको विकार गर्न कहिल्यै नखोज । तर, त्यो कर्मलाई आधार मान्ने नमान्ने आफैंमा भर पर्दछ । अद्वैतवादका पक्षधर गौतमको विचारमा जबसम्म मान्छेले उत्तम वा दुश्चर कुनै न कुनै कर्म गरेर समाजमा आफ्नो अस्तित्व राख्दैन तबसम्म उसको जन्म भएको हुँदैन ।

जाति, भाषा, धर्म सम्प्रदायमा जबसम्म विद्वेष रहिरहन्छ तबसम्म विश्वमा कहिल्यै शान्ति, अमनचैन कायम हुन सक्दैन । यही सन्देशसहित नेपाली कांग्रेसका नेता दामोदर गौतमको मानसपटलमा जब धार्मिक भाव प्रवाह भयो त्यसपछि एकाएक अद्वैतवादी दर्शनका व्याख्याता हुन पुगेको उनी बताउँछन् । जुन विचारको दर्शन व्याख्या थाल्दाथाल्दै उनले एउटा पुस्तक तयार गर्न भ्याए । उक्त पुस्तकमा एउटा संयोग नै भन्नुपर्दछ, सबै धर्मको सार सन्देश मिल्न पुगेको तथ्य पाए ।

बौद्ध धर्मको धम्मपदको पाँच श्लोक, गीताको ५५ अध्यायसम्म, कुरानको छ सुरको १०८ अल्लाहको पुकार र बाइबलको छ अध्याय मिथ्यु ७ को २७ देखि ३० मा झण्डै एउटै भाव प्रकट हुने उपदेश धर्म प्रवर्द्धकहरूले भनेका छन् । त्यो हो, आफ्ना सत्रुलाई पनि प्रेम गर, अरुले विकार गर्न खोज्छ भने पनि अरुको विकार गर्न कहिल्यै नखोज । तर, त्यो कर्मलाई आधार मान्ने नमान्ने आफैंमा भर पर्दछ ।

अद्वैतवादका पक्षधर गौतमको विचारमा जबसम्म मान्छेले उत्तम वा दुश्चर कुनै न कुनै कर्म गरेर समाजमा आफ्नो अस्तित्व राख्दैन तबसम्म उसको जन्म भएको हुँदैन । शिवोहमवादका मार्गदर्शक पनि मानिने उनी भन्छन्, 'जन्मन त दिनमा करोडौं जन्मिरहेका हुन्छन् भने त्यतिकै संख्यामा मृत्युवरण पनि भइरहेका हुन्छन् । तर, त्यस्तो व्यक्तिको मात्र जन्म मृत्युको मूल्यांकन हुन्छ जसले सुकर्म/कुकर्मको माध्यमबाट आफूलाई चिनाएको होस् ।'

आफ्नैबारे कुरा गर्दा दामोदर गौतम भन्छन्, 'मेरो भौतिक जन्म वि.सं.२००२ कात्तिक २३ गते बिहीबार काठमाडौंको स्युचाटारमा भए पनि वास्तविक जन्म तीनपल्ट भयो । २०२२ मा समाजवादी राजनीतिमार्फत नेपाली कांग्रेसका संस्थापक बिपी कोइरालाको आदर्श सर्वोच्च नेता गणेशमान सिंहको साहसको मार्गमा लाग्दा पहिलो जन्म भयो । दोस्रो जन्म मैले किशोर अवस्थादेखि नै परोपकार पुण्यको बाटो अँगाल्दै जाँदा वीर अस्पतालको सञ्जिवनी सेवा केन्द्रमार्फत सेवा गर्दै जाँदा २०३८ सालमा भएको हो भने तेस्रो जन्म अद्वैत अध्यात्ममार्गको माध्यमबाट शिवोहम अर्थात् सर्वधर्म समभावनामा लागिरहँदा सम्भवतः यो जन्म मृत्युपर्यन्त जारी रहनेछ भन्ने लाग्छ मलाई ।'

यस्तै भावमा आधारित छ उनको पुस्तक 'वेदादिशास्त्र समाज, कलियुग तथा नेपालमा दलीय राजनीति' । पुस्तकको शीर्षक हेर्दा दुईवटा पुस्तकको संगालो हो कि जस्तो लाग्छ । तर, अद्वैतवादका हिमायती गौतम भन्छन्, 'मान्छेले जुनसुकै वाद, सिद्धान्त राजनीति वा आदर्शमा लागेका पनि आखिरमा हाम्रो संगमस्थल भनेको धर्म नै हुने गर्दछ । विश्वमा प्रचलित भनिएका चार हजार २०० भन्दा बढी धर्म सम्प्रदायको एउटै सार हुन्छ- परपीडनम् पापाय परोपकार पुण्याय ।'

पुस्तकमा भनिएको छ- कुनै पनि जाति, धर्म, नश्ल, सम्प्रदायप्रति विभेद नगरौं, मार्गमात्र फरक हो अन्त्यमा शिवहम, शून्यवाद वा निर्वाणमा पुग्नु हो । एकै ईश्वरलाई कसैले अल्लाह भने, कसैले यशु त कसैले शिव त कसैले द्यो... तर जसले जे नामबाट पुकारे पनि धर्ममा द्वैत छैन, सबैमा अद्वैतभाव प्रकट हुनुपर्दछ विश्वका प्रायः सबै धर्म सम्प्रदायले वर्तमान युग सृष्टिको अन्तिम समय भनिरहँदा वेदमा पनि सत्य, त्रेता, द्वापरमध्ये वर्तमानलाई कलि युगलाई संसारकै अन्त्य भनिएको छ । तर, पुस्तकमा विष्णु पुराण तुल्सीदासको रामचरितमानसमा उल्लिखित श्लोक उद्धृत गर्दै भनिएको छ, 'यो युगमा शुद्ध चित्तले भगवानको नाम चिन्तनले मात्र पनि शून्यभाव ब्रह्मपद वा सत्ययुग प्राप्त गर्न सकिन्छ ।

**कलियुगको अन्त्य नजिक**

- पृथ्वी विजरहित मरुभूमिमा परिणत हुँदै जानेछ ।
- क्यान्सर, एचआइभी एड्स, हेपाटाइटिस बी/सी, वर्तमानमा देखिएको कोरोनाजस्ता रोगहरू व्यापक बन्दै जाने र औषधिले नछुने हुनेछ ।
- राजा सन्यासी पनि विश्वबाट लोप हुँदै जानेछ, भएका पनि त्यागी नभई भोगी हुनेछ ।
- मत्स्य न्यायको सिद्धान्तअनुसार 'जसके हातमे लाठी उसके भैंस'को आधारमा राजनीति अगाडि बढ्नेछ ।
- पण्डित जजमानहरू देखावटी पूजाभक्ति देखाउन गोप्य मन्त्र पनि माइक राखीराखी प्रसारण गर्दै जाने भक्ष अभक्ष जे पनि खाने हुन्छ ।
- पतिपत्नीबीच पनि परपुरुष परनारी गमन गर्नुलाई सामान्य बन्दै जानेछ ।
- सन्तानले मातापितासँग मुख लाग्ने, कुट्ने पिट्ने लुट्ने समेत गर्नेछ ।

तर, गीतामा श्रीकृष्णले भनेजस्तैः

*'जो हुवा वह अच्छा हुवा तुम्हारा क्या गया जो तुम रोते हो ?*
*तुम क्या लाय थे जो तुमने खो गया*
*जो लिया यही से लिया, जो दिया यहीपर दिया ।*
*जो आज तुमारा हे वह कल किसिका थाः*

को सत्य सन्देशलाई बुझेर जसले शून्य ईश्वरसँगको योग, ध्यान, व्यायाममा लिन हुन्छ उसले सहजै सत्ययुग प्राप्त गर्दछ, अद्वैतवादी गौतमको पुस्तकमा छ । त्यसैले त शुभकामना सन्देशमा प्रा. शिवगोपाल रिसाल भन्छन्- अद्वैतवादलाई प्रमाणित आधार दिन लेखक गौतमले वेदका मन्त्रदेखि मानसरामायणका दोहा चौपाइसम्म, आद्य शंकराचार्यको विवेकदेखि बाइबल, कुरान बौद्ध शास्त्रको धम्मपदसम्मको सार समेटेर क्वाँटी बनाइदिएका छन् ।



अद्वैतवादी लेखक गौतमले पुस्तकमा ब्राह्मण क्षेत्री, वैश्य, शुद्रभेद छुवाछूतको आधारमा नभई कर्मका आधारमा भएको दाबी गर्दै जसरी मनुष्यको रगतमा 'ए पोजिटिभ,' 'बी पोजिटिभ,' 'ओ पोजिटिभ,' 'एबी पोजिटिभ/नेगेटिभ' रगत एक आपसमा मिल्दैन । त्यसैगरी कर्ममा पनि पेसाका आधारमा चार वर्ण नमिल्ने बताएको मात्र हो । भेदका लागि बनाएको दस्तावेज होइन भन्ने उल्लेख गरेका छन् ।

*अवजानन्ति मां मूढा मानुषीं तनुश्रितम् ।*
*परम् भावमजानन्तो मम भूतमहेश्वरम् । (११) गीता*

यसको अर्थमा भनिएको छ ईश्वरको मानव स्वरूपलाई नजान्नेले एक मानवले अर्को मानवलाई तुच्छ सम्झन्छन्, त्यो धर्म होइन भन्दै सर्वधर्म समभावका अभियन्ता दामोदर गौतम भन्छन्- कविशिरोमणि लेखनाथ पौडेलको कविता

*म खाउँ मै लाउँ, सुख सयल वा मोज मै गरुँ ।*
*म बाँचु मै नाचुँ, अरु सब मरुन् दुर्लभहरू ॥*
*भनी दाह्रा धस्ने अबुझ सठदेखि छक्क परी ।*
*चिता खित्का छोडी अभयसित हाँस्यो मरीमरी ॥*

*लाई भित्री हृदयदेखि नै मनन गरी हामीले* बाँच्नुपर्दछ कि आफू मानसम्मानसहित बाँच्ने हो भने अरुको पनि सम्मान गरी दुःखी गरिब आत्माको सेवा गर्न सकेमात्र आफू, आफ्नो परिवार, समाज सुखी हुनेछ । लाग्छ पुस्तक राजनीति समाज सेवा धर्मको त्रिवेणी हो । अद्वैतवादी नेता गौतमले आफू कांग्रेस हुनुको निरन्तरता नेपालका प्रथम राष्ट्रपति रामवरण यादवसमक्ष अन्तरधार्मिक परिषद् नेपालका अध्यक्षको हैसियतबाट धार्मिक सद्भावका लागि दिएको सुझावदेखि आत्रि वंशखण्डमा गौतम वंशावलीको ११७ पुस्तासम्मको पहिचान समेटेका पुस्तकमा अन्त्यमा उनले माओवादी गतिविधिदेखि कांग्रेसको इतिहाससमेत समेटेर सर्वधर्म समभाव देखाएजस्तै सबै राजनीतिक पार्टीलाई पनि प्रजातान्त्रिक अस्तित्वका लागि स्वीकारेका छन् । महाकवि लक्ष्मीपसाद देवकोटाले 'अखिरमा श्रीकृष्ण रहेछ एक' भनेजस्तै अद्वैतवादी गौतमले 'म त भोलेनाथ शिवलाई नमस्कार गर्छु' भनेका छन् ।

## मनन्योग्य

### चाणक्य नीति

रावीमा कैथियानहरूको (कठ) राज्य थियो । उनीहरू हम्मेसी आत्मसमर्पणका पक्षमा थिएनन् । कठहरूसँगको युद्धमा विजय पाउन सिकन्दरलाई बडो मुस्किल पऱ्यो । धेरै सिपाही मर्नुका साथै त्यस डरलाग्दो युद्धले सिपाहीको उत्साह भंग भयो । कठ राज्य नगिचै सौभूति राज्य थियो। त्यहाँका राजाले भने सिकन्दरसमक्ष आत्मसमर्पण गरे ।

व्यास नदीका किनारमा पुगेपछि सिकन्दरलाई थाहा भयो- पारितिरको उर्वरा भूमिमा बलवान् किसानहरूको गणराज्य छ । त्यो राज्यको शासन अत्यन्तै सशक्त छ। त्यस राज्यदेखि पर फैलिरहेको नन्दको साम्राज्य मगध छ। मगधमा ठूलो सेनाका साथै हात्तीहरूको बाहुल्य रहेको छ । यस्तो सूचनाले सिकन्दरका सैनिकहरूको हृदय काम्यो। विवश भएर झेलम नदीकै बाटो गरी सिकन्दरका सैन्यहरू आफ्ना देशतिर फर्किए ।

सिकन्दर कैथियान (कठ) बाटै फिर्ता भएको थियो । उसले व्यास नदी पार गर्न सकेन । तर, हिँडेर नथाक्ने चाणक्य अर्थात् विष्णुगुप्त मगधमा आई सोच्न लागे- मैले यसभन्दा अगाडि मेरा परिचितसँग भेट्नु के उचित होला ? अहं उचित छैन भन्ने पनि सोची मैले बाहिर नै बस्नु उपयुक्त छ भन्ने ठान्दै सहरबाहिर एउटा झुपडी निर्माण गरी नजिकै गाउँमा बालकहरूलाई शिक्षा दिने कार्य प्रारम्भ गरे ।

झोपडीका वरपर कुश उम्रिएको थियो। एक दिन उनका खुट्टामा कुशको टुसोले घोच्यो । बाटो सफा गर्दा पहिलेदेखि दुई-तीनपटक कुशले घोचेको थियो। त्यसलाई काटेका थिए तर यसपटक उनलाई साह्रै रिस उठ्यो । सबै कुश हातले उखल्न थाले । उखल्दै खाडल परेका स्थानमा माटो हाल्दै गर्दथे। त्यसो गर्दा उनी पसिनाले निथुक्कै भिजे तर पनि कुश उखल्न छाडेनन् । मिसिनजस्तो बनेर काम गर्दै थिए। उनले अलिकति पनि थाहा पाएनन् कि पछाडिबाट कुनै मानिसले पनि उनलाई हेरिरहेछ ।

त्यो हेर्ने व्यक्ति सोच्तै आफ्नो मनमनै भन्थ्यो- 'कति आवेश र प्रतिशोध छ यस व्यक्तिमा, कसरी कुशले गरेको अहितलाई सम्झेर फेदैदेखि कुश नष्ट गर्दैछन् यी व्यक्ति ? सायद मेरो कामका लागि यिनै व्यक्ति उपयुक्त होलान् कि !

केही बेरपछि तिनले मनमा गुने, यी ब्राह्मण देवताको कुशसँग यत्रो रिस किन ? चाणक्यले फर्केर हेरे- अगाडि राजसी पहिरनमा कुनै बृद्ध खडा छन् । क्रमशः

## पत्र-मञ्जुषा

# जनतासामु झूठो आश्वासनको खेती

गत मंसिर ४ गते प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा काठमाडौं क्षेत्र नम्बर ४ बाट गगन थापाले आफूलाई मतदान गरेर चुनाव जिताएमा देशको प्रधानमन्त्री हुने दाबी गरेर उनी जनतासँग भोट लिए । तर, अहिले चुनाव जितेर सांसद बनेपछि न त देशको प्रधानमन्त्री नै बने न यस क्षेत्रमा नै फर्किएर गए ।

यस क्षेत्रका स्थानीयबासिन्दा अहिले चुनावपछि गगन थापा एक पटक पनि आफ्नो क्षेत्रमा नआएको गुनासो गर्छन्। थापाले २०७०, ०७४ र ०७९ सालमा पनि यही क्षेत्रबाट चुनाव जिते तर यस क्षेत्रको विकासका लागि उनले खास काम गर्न सकेनन् । नेता गणेशमानले भन्थे, 'नेपाली जनता सीधा छन् । उनीहरू छिटो अरुको कुरामा विश्वास गर्छन् । तर, नेताले जनतालाई झुक्याउँछ ।'

अहिले यो कुरा ठ्याक्कै यस क्षेत्रका जनतामा लागू भएको छ। थापाले पटक-पटक यस क्षेत्रका जनतालाई झुक्याएर उनीहरूको भोट लिए तर काम भने केही गरेनन् । थापाले आफूलाई चुनाव जिताएमा सांसद बन्नेबित्तिकै नेपाली कांग्रेस पार्टीको संसदीय दलको नेता बनी देशको प्रधानमन्त्री हुने उनले दाबी गरेका थिए । तर, अहिले गगन थापा न कांग्रेसको सांसद दलको नेता नै भए न देशको प्रधानमन्त्री । यसरी यसपटक पनि थापाले यस क्षेत्रका जनतालाई झुक्याइदिए । यसरी पटक-पटक झुक्याइरहँदा जनताले कसरी विश्वास गर्ने ?

वास्तवमा राष्ट्र र जनताको हितमा निःस्वार्थ काम गर्नेलाई नेता भनिन्छ । कृष्णप्रसाद भट्टराई त्यसका उदाहरण हुन्। उनी थोरै बोल्थे तर पान चपाइरहन्थे । उनी प्रधानमन्त्री बनेर बालुवाटारबाट बाहिर निस्कँदा एउटा छाता र लौरो लिएर निस्किए ।

भट्टराईले कहिले पनि आफ्नो स्वार्थका लागि काम गरेनन् । उनले जहिले पनि राष्ट्र र जनताकै हितमा काम गर्न खोजे, र गरे पनि । अहिले काठमाडौंबासीले मेलम्चीको पानी खान पाउनुमा पनि भट्टराईकै योगदान छ । यदि उनले त्यसबेला काठमाडौंमा मेलम्चीको पानी ल्याउँछ भनेर वाचा नगरेको भए आज काठमाडौंवासीले मेचम्लीको पानी खान त के देख्नसमेत पाउँदैनथे ।

त्यस्तै, एमालेका नेता मनमोहन अधिकारी पनि साधारण थिए । उनी पनि कुनै पनि नेतालाई गालीगलौज गर्दैनथे । न आफू लोभ लालचमा फस्थे न व्यक्तिगत स्वार्थका लागि नै काम गर्थे। उनकै पालामा ज्येष्ठ नागरिकलाई भत्ता दिने नियम ल्याइयो । त्यसबेला उनले सय रूपैयाँ सुरुमा बूढाबूढीलाई भत्ता दिएका थिए ।

साथै, 'आफ्नो गाउँ आफैं बनाऔं' अभियानमा उनले गाउँगाउँमा जाने बजेटसमेत वृद्धि गराइदिए । उनको कामबाट अहिले पनि जनता प्रेरित छन् । त्यसैले, पनि एमाले अहिलेसम्म टिकिरहेको छ । अहिले मनमोहन अधिकारीको नाम बेचेर वा उनले गरेको कामको चर्चा गरेर एमालेले त्यसको ब्याज खाइरहेको छ भन्दा फरक पर्दैन ।

मनमाहेन अधिकारीपश्चात् एमालेबाट प्रधानमन्त्री माधव नेपाल बने तर नेपालले आफू प्रधानमन्त्री हुँदा बालुवाटार र कालोपुलको रोपनीका रोपनी सरकारी जग्गा व्यक्तिको नाममा पास गराइदिए । त्यस्तै, झलनाथ खनालले पनि प्रधानमन्त्री हुँदा केही गरेनन् । सरकारी सेवासुविधा उपभोग गरे त देशविदेश घुमे ।

यता केपी ओली पनि दुईपटक प्रधानमन्त्री हुँदासमेत उनले देश र जनताका लागि केही गरेनन् । अहिले एमालेका अध्यक्ष केपी ओली भन्छन्, 'ज्येष्ठ नागकिलाई भत्ता हामीले दिएका हौं ।' तर, भत्ता दिने नियम त मनमोहन अधिकारीले ल्याएका थिए नि त। यहीँबाट थाहा हुन्छ एमालेका अन्य नेतासँग काम गर्ने क्षमता छैन । उनीहरूसँग न सिद्धान्त नै छ न कुनै गन्तव्य । अहिले पनि उनीहरू मनमोहनकै नाम बेचेर खाइरहेका छन् ।

यहाँ उल्लिखित नामहरू मात्रै हैन, प्रायः सबै नेताहरूको छवि उही देखिन्छ । भाषण र व्यवहारमा गर्ने कामको प्रवृत्ति सबैको उस्तै छ । यसको अर्थ कोहीभन्दा कोही फरक देखिँदैनन् नेताहरू । जनतालाई जहिले पनि आश्वासन बाँड्ने, चुनावका बेला अनेक प्रलोभनमा पारेर भोट तान्ने र सत्तामा पुगेपछि सिन्को नभाँच्ने क्रम चलिरहेकै छ। त्यसैले जनता कुनै पनि नेता, उनको प्रतिबद्धताप्रति विश्वस्त छैनन् । विश्वस्त पार्नेगरी नेताहरूले काम गरेका छैनन् । अब यो क्रम कहिलेसम्म चल्छ त ? यो गम्भीर प्रश्न बनेको छ ।

जनताबाट चुनिएका प्रतिनिधिहरूबाटै यसरी जनताप्रति धोका हुनु राम्रो कुरा होइन । तर, यो राजनीतिमा निरन्तर चल्ने गरेको छ । राजनीतिमा अहिले नयाँ पुस्ता हाबी भइसकेको छ । नेतृत्व तहका नेताहरूले नयाँलाई अवसर दिनै चाहेको देखिँदैन । यो प्रवृत्तिलाई चिर्न अब युवा पंक्तिले हस्तक्षेप गर्न जरुरी छ । युवाहरू अगाडि बढे मात्रै अब नेपाली राजनीतिले सही बाटो समात्ने विश्वास गर्न सकिन्छ ।

*- सन्देश श्रेष्ठ, कपन*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# विगतजस्तो उत्साहजनक रहेन दसैं

**चितवन–** बडादसैंमा संस्कृति धान्ने काम भए पनि विगतको जस्तो हर्षोल्लास भने छाउन नसकेको पाइएको छ । देशमा देखिएको चरम आर्थिक मन्दी र युवा जनशक्तिको पलायनले दसैं विगतजस्तो बन्न नसकेको हो ।

दसैंको अघिल्लो दिनसम्म व्यवसायीहरूलाई बैंकबाट फोन आइरहयो भने त्यहीँ काम गर्ने कर्मचारी पनि निराशा बोकेर दसैंमा सहभागी भए । खर्चिलो दसैं बन्ने गरेको विगतको तुलनामा यस वर्ष आर्थिक अभावका कारण गर्जो टर्ने गरीमात्र दसैं मनाउनु परेको व्यवसायीहरू बताउँछन् ।

निजी क्षेत्रका मालिकमात्र होइन त्यहाँ कार्यरत मजदुर कर्मचारीहरूले पनि राम्रो गरी तलब भत्ता पाउन सकेनन् । त्यसो त लुकीछिपी जुवातास खेल्नेहरूको खालमा प्रहरीले पैसासमेत भेट्न सकेन । जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक रामेश्वर कार्की जुवातास नियन्त्रणका लागि प्रहरी परिचालन गरेको भए पनि पेसेवर जुवाडे नभेटिएको बताउँछन् ।

उनले भने, '१५ जना समातिँदा ३० हजार रूपैयाँ पनि नपाएपछि मुद्दा चलाउने अवस्था रहेन ।' उनको भनाइमा ठूलो रकम राखेर जुवातास खेल्नेहरू यो वर्ष भेटिएनन् । उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष राजन गौतम विगतका दसैंमा जुवातासका ठूलाठूला खाल हुने गरेको सुनेको भए पनि यस वर्ष त्यस्तो नसुनिएको बताउँछन् ।

उनले भने, 'आर्थिक मन्दीका कारण दसैं मनाउने अवस्था नरहेपछि जुवातास कस्ले खेल्ने ?' हुनेखाने हुँ भन्नेले पनि यसपालि राम्रो र रमाइलो गरी दसैं मनाउन नसकेको उनी बताउँछन् ।

उद्योग वाणिज्य संघका अध्यक्ष चुननारायण श्रेष्ठ विगतको तुलनामा ३० प्रतिशत हाराहारी पनि व्यापार नभएको बताउँछन् । यसको प्रत्यक्ष प्रभाव दसैं पर्वमा परेको उनको भनाइ छ । उनले भने, 'क्रय शक्ति नहुँदा समग्र पर्व प्रभावित बन्यो ।' दसैंमा बजार चलायमान हुने अनुमान गरिएको भए पनि त्यसो हुन नसकेको उनी बताउँछन् । यससँगै मानिसहरूमा घुमफिर गर्ने क्रम समेतमा कमी आएको उनले बताए ।

पोल्ट्री व्यवसायी ऋषि पौडेल आर्थिक मन्दी र युवा जनशक्ति पलायन भएका कारण दसैं उत्साहजनक बन्न नसकेको बताउँछन् । उनले भने, 'दसैंमा कुनै उत्साह देखिएन, यसको कारण आर्थिक मन्दी र युवा जनशक्तिको पलायन हो ।' मासुको अधिक प्रयोग हुने दसैंमा खसी, बोका, च्यांग्रा, कुखुरा बिक्न नसकेको उनले बताए ।

उनले भने, 'सुरुका दिनमा जिउँदो खसी प्रतिकिलो ६०० रूपैयाँमा बिक्री भएकामा पछिल्ला दिनहरूमा ५०० रूपैयाँमा पनि बिक्न सकेन ।' कुखुराको खपत पनि निकै न्यून भएको उनी बताउँछन् ।

नेकपा एमालेका जिल्ला अध्यक्ष रामप्रसाद न्यौपाने आर्थिक मन्दीका कारण दसैं उत्साहजनक बन्न नसकेको बताउँछन् । उनले भने, 'आर्थिकरूपमा कमजोर भएको अवस्थामा बजारको महँगीका कारण बाँच्न मुस्किल छ, कसरी दसैं उमंग हुन्छ ।' व्यावसायिक क्षेत्र धराशयी भएको र महँगी अस्वाभाविक बढेका कारण दसैं प्रभावित भएको उनको बुझाइ रहेको छ ।

रत्ननगर नगरपालिकाका प्रमुख प्रलाद सापकोटाले आफू प्रमुख हुनुअघि जस्तै गरी यस वर्ष पनि धेरैलाई दसैं मान्न सहयोग गरे । उनले भने, 'दसैं कसरी मनाउनु, आमनागरिकसँग पैसा नै छैन ।' एकातर्फ आर्थिक मन्दी छ भने अर्कोतर्फ घरका छोराछोरी विदेश हुँदा ती परिवारमा दसैंको उमंग नभएको उनले बताए ।

उनले भने, 'संस्कृति जगेर्नाका लागिमात्र दसैं मान्नुपर्ने अवस्था आएको देखियो ।' सबै क्षेत्र प्रभावित भएकै कारण दसैंमा उमंग आउन नसकेको धेरैको भोगाइ छ । *रासस*

## जनकपुधाममा विश्व कीर्तिमानका लागि अन्नको मूर्ति बनाइने

**धनुषा–** मिथिलाञ्चलको महामहोत्सव विवाह पञ्चमीमा ११ हजार स्क्वायर फिटको अन्नबाट भगवान् रामजानकीको मूर्ति निर्माण गरेर विश्व कीर्तिमान कायम गर्ने कार्य थालनी भएको छ ।

विवाहपञ्चमी महामहोत्सवलाई अन्तर्राष्ट्रियकरण गर्नका लागि यो शुभकार्य गर्न लागिएको बृहत्तर जनकपुरधाम क्षेत्र विकास परिषद्का अध्यक्ष शीतल साहले बताए । अध्यक्ष साहले ७० क्विन्टल अन्न अनाजबाट मूर्ति निर्माण हुने बताए । भारत उत्तरप्रदेशको अयोध्यामा १० हजार ८०० स्क्वायर फिटको अन्नबाट मूर्ति बनाएर 'गिनिज बुक अफ वर्ल्ड रेकर्ड' मा दर्ता भएको भन्दै विवाह पञ्चमीमा जनकपुरधाममा ११ हजार स्क्वायर फिटमा सो मूर्ति बनाएर विश्व रेकर्ड बनाई विवाह पञ्चमीलाई अन्तर्राष्ट्रियकरण गरिने जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहले बताए ।

सो मूर्ति निर्माण भएपछि 'वर्ल्ड रेकर्ड'का लागि दाबी गर्ने नगरप्रमुख साहले बताए । अन्नबाट राम-सीता स्वयम्वरको मूर्ति बनाइने निर्णय भएको साहले जानकारी दिए । नगरप्रमुख साहले भने, 'मूर्ति बनाउन अन्नको मात्र प्रयोग हुन्छ । मूर्तिका लागि कुनै रङ प्रयोग हुने छैन । जहाँ जुन रङको आवश्यकता पर्छ, सोही रङको अन्न प्रयोग गरिन्छ ।' सो मूर्ति बनाउन ७० क्विन्टल अन्न लाग्ने अनुमान गरिएको छ भने मूर्ति बनाउन प्रयोग गरिएको अन्न फेरि प्रयोगमा ल्याइने बताइएको छ ।

जनकपुरधाम वडा नं ४ बस्ने रूपेश मिश्रकी छोरी गुनगुन मिश्रले भारतीय आजतक च्यानलमा सो मूर्ति विश्वकीर्तिमान कायम गरेको देखेर जनकपुरधाममा सो भन्दा पनि भव्य र ठूला मूर्ति बनाउनुपर्ने प्रस्तावमा भारतीय कलाकार तथा विज्ञ सतिष घुरजरसहितको टोली जनकपुरधाम आएर छलफल गरेको छ ।

पुस १ गतेदेखि सुरु हुने विवाह महोत्सवका लागि मंसिर २० गतेदेखि मूर्ति बनाउन सुरु हुने बृहत्तर जनकपुरधाम क्षेत्र विकास परिषद्का अध्यक्ष साहले बताए । मूर्ति बनाउनका लागि भारतको मध्यप्रदेशबाट कालिगड आउने छन् । जनकपुरको १२ बिघा जमिनमा निर्माण हुने मूर्ति निर्माणका लागि ५० लाख रूपैयाँ खर्च हुने अनुमान गरिएको छ । *रासस*

### नेताहरूकै...

पृष्ठ १ बाट जारी

संसारको कुनै पनि देशमा नरहेको र यो व्यवस्था संयुक्त राष्ट्रसंघको वडापत्रको विरुद्ध रहेको उनको दाबी छ ।

अहिले एनआरएनएमा राजनीतिक दलका केही व्यक्तिहरू गएर कब्जा गरेर बसेको आरोपसमेत उनले लगाए । यहीँका राजनीतिक दलका नेताहरूले कब्जा गरेको कारण अहिले एनआरएनएमा भाँडभैलो रहेको उनले बताए ।

वरिष्ठ अधिवक्ता बालकृष्ण न्यौपानेले विश्वका २०१ देशमध्ये १८६ देशले दोहोरो नागरिकताको सिद्धान्त स्वीकार गरेको बताए । इमरान खान अमेरिकाको पनि नागरिक हुँदाहुँदै पाकिस्तानको प्रधानमन्त्री बनेको उदाहरण उनले प्रस्तुत गरे । त्यसैगरी बेलायतका वर्तमान प्रधानमन्त्री ऋषि सुनक पनि अमेरिकाको ग्रिनकार्ड होल्डर भएको उनको भनाइ छ ।

दोहोरो नागरिकताबारे नेपालमा २०६३ सालपछि समस्या आएको अधिवक्ता न्यौपानेले बताए । नागरिकता ऐन २०६३ बनाएर जन्मको आधारमा नेपालको नागरिकता दिने व्यवस्था गरेको भन्दै उनले आपत्ति जनाए । नेपालमा रहेको विभिन्न देशका शरणार्थीले समेत नेपालको नागरिकता पाएको उनको दाबी छ । राज्यले रोजगार दिन नसकेर विदेसिएका नेपाली वंशजको नागरिकलाई सरकारले कानुन बनाएर 'अब तिमी नेपाली रहेनौं' भनेको उनले बताए ।

### अन्तर्राष्ट्रिय...

पृष्ठ १ बाट जारी

भए त्यसैको परिणामस्वरूप संयुक्त राष्ट्रसंघका महासचिव र कतारका राजा नेपाल आउँदै हुनुहुन्छ,' प्रधानमन्त्री दाहालले भने ।

चाडपर्वमा हुने चियापान कार्यक्रमले आपसी एकता अभिवृद्धि गर्न मात्रै नभई देशको राष्ट्रिय राजनीतिलाई पनि स्थिरतातर्फ लैजान सघाउ पुऱ्याउने विश्वास व्यक्त गरे । 'मुलुकलाई सहमति र समझदारीको बाटोमा लैजाने तथा जनताको अपेक्षाअनुसार विकास निर्माण र समृद्धिलाई अघि बढाउन चियापानले कुनै न कुनै रूपले सहयोग गर्दै आएको छ,' उनले भने ।


## युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : AL WAFA FACILITY SERVICES L.L.C.**

पूर्व स्वीकृति मिति : २०७९/११/०२ | पूर्व स्वीकृति मिति : २०८०/०७/११ | LT. No.280973 | चलानी नं. ६०१९६६१८

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: AED | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Female | 1 | 200 | 800 | १८,८५० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaners Male | 100 | 0 | 800 | १८,८५० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक १९ गते (5 Nov. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ७७७/०६५/०६६

Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com


### महासचिव...

पृष्ठ १ बाट जारी

हमासबीचको युद्ध, नेपालको शान्ति सेनामा सहभागिता, जलवायु परिवर्तनको प्रभाव, दिगो विकास तथा शान्ति प्रक्रियाका विषयमा विश्व समुदायको ध्यान आकृष्ट गर्न पनि मद्दत पुग्ने उपसभामुख मगरको बुझाइ छ ।

प्रधानमन्त्री दाहालले गत असोजमा न्युयोर्कमा सम्पन्न संयुक्त राष्ट्रसंघको ७८औं साधारणसभा र इटलीको रोममा गत साउनमा सम्पन्न राष्ट्रसंघीय खाद्य प्रणालीसम्बन्धी शिखर सम्मेलनमा सहभागी हुने क्रममा महासचिव गुटेरेसलाई नेपाल भ्रमणको निम्तो दिएका थिए । जसअनुसार गुटेरेस नेपाल भ्रमणमा आएका हुन् । उनको भ्रमणलाई सरकारले उच्च प्राथमिकता दिएको छ ।

परराष्ट्रमन्त्री नारायणप्रसाद साउदले उनलाई राति त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गरेका छन् । आजै दिउँसो गुटेरेस र साउदबीच द्विपक्षीय भेटवार्ता हुनेछ । लगत्तै उनले प्रधानमन्त्री दाहाल र राष्ट्रपति रामचन्द्र पौडेलसँग छुट्टाछुट्टै भेटवार्ता गर्नेछन् । त्यसपछि पूर्वप्रधानमन्त्रीहरूसँग सामूहिक भेटवार्ता गर्ने कार्यतालिका छ ।

परराष्ट्र मन्त्रालयका अनुसार महासचिव गुटेरेसले आजै ललितपुरको पाटन दरबार स्क्वायरको अवलोकन गर्ने र साँझ प्रधानमन्त्री दाहालले आयोजना गर्ने रात्रिभोजमा सरिक हुनेछन् । भोलि सोमबार भने उनी जलवायु परिवर्तनले हिमालय क्षेत्रमा पारेको प्रभावबारे बुझ्न सोलुखुम्बुको स्याङ्बोचे जानेछन् । त्यसपछि गुटेरेस ललितपुरस्थित युएन हाउसको कार्यक्रममा सहभागी हुनेछन् ।

सोमबार साँझ नै पोखरा गएर त्यहीँ बास बस्ने र मंगलबार बिहान अन्नपूर्ण सर्किट अवलोकनमा जानेछन् । त्यसपछि पोखरास्थित पुरानो विमानस्थलमा पत्रकार सम्मेलन गर्ने कार्यक्रम तय भएको छ । सोही दिन साँझ भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनी जानेछन् । लुम्बिनीबाट फर्किएर उनले दिउँसो ४ बजे संघीय संसद्का दुवै सदनलाई सम्बोधन गर्ने भएका हुन् । बुधबार उनी संयुक्त राष्ट्रसंघ मुख्यालय फर्किने छन् ।

यसअघि नेपालमा संयुक्त राष्ट्रसंघका तत्कालीन महासचिवहरू डचाग ह्यामरशोल्ड, ऊ थान्त, कुर्त वाल्दहाइम, हाभियर पेरेज द कोयार, कोफी अन्नान र बान कि मुनले भ्रमण गरेका थिए । नेपाल भ्रमणमा आउँदा उनीहरू सबैजना लुम्बिनी पुगेका थिए । ट्रिग्वे ली र बुत्रोस बुत्रोस घालीले भने नेपाल भ्रमण गरेनन् । उसो त उनीहरूको कार्यकाल एकपटकको मात्रै थियो । नेपाल भ्रमणमा आउने महासचिवहरूले भने दोस्रो कार्यकाल पनि पूरा गरेका थिए ।


## Invitation for Bids
### Sundarharaincha Municipality
### Office of Municipal Executive
Biratchowk, Morang, Koshi Province, Nepal

**Invitation for Electronic Bids**

**Date of publication: 2080/07/12**

1. The Sundarharaincha Municipality, Office of Municipal Executive invites electronic bids from eligible bidders for the procurement of following goods under following bidding procedures specified in Public Procurement Act and Regulations. The estimated amount is stated below.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **Sundarharaincha Municipality, Biratchowk, Morang, Koshi Province , Nepal** or may visit e-GP system: www.bolpatra.gov.np/egp .
3. Bidding documents is available online and can be downloaded from e-GP system: **www.bolpatra.gov.np/egp.** Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document as stated in table below in the following bank.
   **Name of the Bank: Agricultural Development Bank**
   **Name of the Office: Sundarharaincha Municipality**
   **Office Account No.: 0601501147630146**
4. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the above office of Sundarharaincha Municipality on or before as stated in table below.
5. Bids shall be opened in presence of Bidders' representatives who choose to attend on 01:00 PM as stated date below in table at the office of Sundarharaincha Municipality, Biratchowk, Morang. Bids must be valid for a period of 90 Days counting from the day of bid opening in case of NCB and must be accompanied by bid security, amounting to a minimum of as stated in table below, which shall be valid for minimum 30 days beyond the bid validity period. For Cash Deposit Bank details:
   **Name of the Bank: Agricultural Development Bank**
   **Name of the Office: Sundarharaincha Municipality**
   **Office Account No.: 0601501147630030**
6. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
7. Stationery Items should be delivered by Supplier as per Buyer's requirement. Order can be placed fully or partially or more or less than items quantity as per office requirement.
8. Any change or amendment on notice or bid document will be published on e-GP system: www.bolpatra.gov.np/egp or office website: www.sundarharaichamun.gov.np or office notice board.
9. The Purchaser reserves right to accept or reject, wholly or partially any or all bids without assigning any reason, whatsoever. For further enquiry contact: 9852066111, 9862051142.

| S N | Contract ID | Description of Task | Estimated Amount (Excluding Vat) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Bid Submission Date | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1. | SHM/MOR/ NCB/G/03/ 2080/081 | Supply & Delivery of Stationery and Office Items | 3660220.50 | 3000.00 | 105000.00 | 2080-08-13 12:00PM | 2080-08-13 01:00 PM | NCB |



## SANVI€Nergy सान्भि इनर्जी लिमिटेड

### चौथो वार्षिक साधारण सभा सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८०।०७।१२**

यस सान्भि इर्नजी लिमिटेडको संचालक समितिको मिति २०८०/०६/३० गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम बोलाईएको कम्पनीको चौथो वार्षिक साधारण सभा निम्न विषयहरु उपर छलफल गर्न देहाय बमोजिमको मिति, स्थान र समयमा बस्ने भएको हुँदा (कम्पनी ऐन २०६३) को दफा ६७ अनुसार शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । यस सम्बन्धी सूचना कम्पनीको वेबसाईट www.sanvienergy.com मा समेत प्रकाशन गरिएको छ । यसैलाई सूचना मानी चौथो वार्षिक साधारण सभाको कार्यक्रममा सहभागी हुनका लागि हार्दिक अनुरोध गरिन्छ ।

**सभा बस्ने मिति, समय र स्थान :**
**मिति** : २०८० साल कात्तिक २३ गते (तदनुसार ९ नोभेम्बर, २०२३)
**समय** : बिहान ११:०० बजे, उपस्थिति पुस्तिका बिहान १०:३० बजे देखि नै खुल्ला राखिने छ ।
**स्थान** : कम्पनीको कार्यालय, लाजिम्पाट-२, काठमाडौं ।

**वार्षिक साधारण सभाको छलफलका विषयहरु:**

**क. सामान्य प्रस्तावः**
१. आ.व. २०७९/०८० को साधारण सभामा प्रस्तुत हुने संचालक समितिका अध्यक्षज्यूको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०७९/०८० को लेखापरीक्षकको प्रतिवेदन र अनुसूची सहितको वित्तीय विवरणहरु उपर छलफल गरि सोलाई पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८०/०८१ को लागि लेखा परीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. कम्पनीको संचालक समितिको सिफारिश बमोजिम आ.व. २०७९/०८० को संचित मुनाफाबाट कम्पनीको कायम चुक्ता पुँजी रु.५०,१०,००,०००/- को ५.२५% (कर समेत) ले हुन आउने रकम रु.२,६३,०२,५००/- (अक्षरुपी दुई करोड त्रिसठ्ठी लाख दुई हजार पाँच सय मात्र) यस कम्पनीका शेयरधनीहरुलाई नगद लाभांश स्वीकृत गर्ने सम्बन्धमा ।

**ख. विशेष प्रस्तावः**
१. कम्पनीको नियमावलीमा संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा ।
२. माथि विशेष प्रस्ताव अन्तर्गतको प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरबदल वा संशोधन वा परिमार्जनका लागि निर्देशन वा सुझाव आएमा सोही बमोजिम गर्न गराउन संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

**ग. विविध ।**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**वार्षिक साधारण सभा सम्बन्धी जानकारी**
१. कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख रहेको पछिल्लो शेयर लगतको आधारमा शेयरधनीको रेकर्ड कायम गरिनेछ ।
२. सभामा भाग लिन ईच्छुक शेयरधनीले सभा हुने दिन सभा शुरु हुनुभन्दा पहिला नै उपस्थित भई हाजिर पुस्तिकामा हाजिरी गर्नुपर्ने छ र सो दिन हाजिरपुस्तिका बिहान १०:३० बजे देखि खुल्ला हुनेछ ।
३. सभामा भाग लिन आउनुहुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने फोटो सहितको कागज प्रमाण प्रस्तुत गरेपछि मात्र सभा कक्षमा प्रवेश गर्न पाईनेछ ।
४. सभामा भाग लिन, छलफल गर्न र मतदान गर्नको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले सो सम्बन्धी निवेदन सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै प्रतिनिधि पत्र (प्रोक्सी) यस कम्पनीको रजिष्टर्ड कार्यालय लाजिम्पाट - २, काठमाडौंमा बुझाई सक्नुपर्नेछ र यसरी प्रतिनिधि नियुक्त गरिएका व्यक्ति कम्पनीको शेयरधनी हुनु आवश्यक छ ।
५. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा एकभन्दा बढि व्यक्तिलाई शेयर विभाजन गरि वा अन्य कुनै किसिमबाट छुट्टाएर वा कुनै शेयरधनीले एकभन्दा बढी शेयरधनीहरुलाई प्रतिनिधि बनाई नियूक्त गरिदिईएको प्रतिनिधि पत्र (प्रोक्सी) स्वत: खारेज हुनेछ ।
६. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्ने शेयरधनीले कुनै कारणवश त्यस्तो प्रतिनिधि बदरगरी आफै सभामा उपस्थित भई सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न चाहेमा सोको लिखित सूचना सभा शुरु हुनु भन्दा अगावै यस कम्पनीको रजिष्टर्ड कार्यालय लाजिम्पाट -२, काठमाडौंमा बुझाई सक्नुपर्नेछ ।
७. सभाको सुरक्षार्थ खटिएका सुरक्षाकर्मीले सभा कक्षमा प्रवेश गर्न आवश्यकतानुरुप सुरक्षा जाँच गर्नसक्ने हुदाँ सो कार्यमा सहयोग गरिदिनुहुन समेत अनुरोध गरिन्छ ।
८. साधारण सभा सम्बन्धी अन्य सम्पूर्ण काम कारवाहीहरु कम्पनीको प्रबन्ध पत्र, निमावली तथा कम्पनी ऐन २०६३ बमोजिम हुनेछ ।
९. सभाको दिन सभा शुरु हुनुभन्दा पहिले नै उपस्थित भई दिनुहुन हार्दिक अनुरोध छ । तथा साधारण सभा सम्बन्धी अन्य विस्तृत जानकारीको लागि कम्पनीको केन्द्रिय कार्यालय, लाजिम्पाट-२, काठमाडौंमा कार्यालय समय भित्र सम्पर्क राख्न अनुरोध गरिन्छ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**


# प्रभाव दैनिक





### प्रकाश घिमिरेको स्वास्थ्यमा सुधार

भीरबाट लडेर गम्भीर घाइते बनेका अभिनेता प्रकाश घिमिरे बोल्न थालेका छन् । शुक्रबार बिहान घाँस काट्ने क्रममा पोखराको नदीपुरको भीरबाट लडेर उनी गम्भीर घाइते भएका थिए । आइसियुमा उपचाररत घिमिरे शनिबार बिहानबाट बोल्न थालेको उनका साथी प्रेम पुनले जानकारी दिए । कलाकार घिमिरेको टाउको र शरीरमा चोट लागेको छ । उनलाई थप उपचारका लागि काठमाडौँ लैजाने तयारी गरिएकोमा चिकित्सकले तत्काल लैजान नपर्ने बताएपछि मणिपाल शिक्षण अस्पतालमै उपचार भइरहेको छ । चिकित्सकहरूले उनको अवस्था शुक्रबार भन्दा सुधारिएको बताए ।




आइतबार, १२ कात्तिक २०८० (Sunday, October 29, 2023)


# ब्युटिसियनको उपाधि क्रिस्मा र सोलिनालाई



■ प्रभाव संवाददाता

**काठमाडौं–** सौन्दर्य प्रतियोगिता 'एन प्लस प्रोफेशनल मिस एण्ड मिसेस ग्लोरियस ब्युटिशियन नेपाल २०२३'को उपाधि सुश्री क्रिस्मा कुँवर र श्रीमती सोलिना लामाले जितेका छन् ।

करुणाज ब्यूटी पार्लर एण्ड ट्रेनिङ सेन्टरसँगको सहकार्यमा एभरेष्ट इभेण्ट्सद्वारा आयोजित प्रतियोगिताको 'मिस' र 'मिसेस' विधामा क्रिस्मा र श्रीमती सोलिनाले शीर्ष उपाधि हात पार्दा 'मिस' तर्फ अरुणा पुरी तथा 'मिसेस' तर्फ श्रीमती प्रिना राई गुरुङ फस्ट रनर अप भए । यस्तै 'मिस' तर्फ विनिता खड्का र 'मिसेस' तर्फ श्रीमती झरना काफ्ले सेकेण्ड रनर अप भए ।

प्रतियोगिता अन्तर्गत ब्राण्ड एम्बेसडरतर्फ 'मिस' तर्फ कृतिका गिरी र 'मिसेस' तर्फ श्रीमती संगम शर्मा विजयी हुँदा आयोजक छनोटतर्फ क्रान्ति घिमिरे उत्कृष्ट बने । जसमा सरिता पत्र वंशले 'ब्युटी विथ ब्रेन'को उपाधि जितिन् ।

प्रतियोगिताका शिर्ष टाईटल विजेताहरूले ५० हजार नगदसहित एन प्लस प्रोफेसनलबाट गिफ्ट ह्याम्पर जिते भने अन्तराष्टिय प्लेटफर्ममा सहभागी हुने अवसरसँगै एभरेष्ट फिल्म एकेडेमीमा १ लाख बराबरको अध्ययन छात्रवृत्ति प्राप्त गरे ।

आयोजक संस्थाका प्रमुख कृष्ण श्रेष्ठ (रोविन)का अनुसार सेकेण्ड रनर अपसम्मका विजेताले सिटिईभिटि स्कूल अफ ब्यूटिसियनबाट १२ हजारको एक हप्ते कपाल र छाला मास्टर क्लास निशुल्क लिन पाउनेछन् । त्यस्तै इटालवाक्स प्रोफेशनल कस्मेटिक्स र पाईसी कस्मेटिक्सबाट उपहारहरू प्राप्त गर्नेछन् ।

विजेताहरूलाई नेपाल एयरहोस्टेस एकेडेमीमा छात्रवृत्ति साथै म्यागाजिन तथा पत्रिकामा फिचर्ड गरिनुका साथै विज्ञापन, म्युजिक भिडियो तथा सर्ट फिल्ममा अवसर दिइनेछ ।

# मामीमा नेपाली चलचित्र

■ प्रभाव संवाददाता



**काठमाडौं–** शुक्रबारदेखि भारतमा सुरू भएको 'मुम्बई चलचित्र महोत्सव २०२३ (मामी)' मा नेपाली चलचित्रको वर्चस्व देखिएको छ । यही १९ गतेसम्म सञ्चालनमा रहने महोत्सवमा सहभागी हुन नेपाली चलचित्रकर्मी त्यहाँ पुगिसकेका छन् । महोत्सवमा ७० देशका दुई सय ५० चलचित्र प्रतिस्पर्धामा छन् ।

महोत्सवमा नेपालबाट चलचित्र 'गाउँ आएको बाटो' 'साउथ एसिया प्रिमियर' मा सहभागी हुँदैछ । यस्तै, 'द रेड सुटकेस' र 'गुराँस' पनि साउथ एसिया अन्तर्गतको प्रतिस्पर्धामा छन् । महोत्सवमा दिवा शाहको निर्देशन र नेपाल र भारतको सहकार्यमा निर्माण भएको 'बहादुर : द ब्रेभ' समेत प्रतिस्पर्धामा छ ।

छोटो चलचित्रको विधामा आयारुस पौडेलको 'हेलेना' र 'विन्डहर्स्' पनि प्रतिस्पर्धामा छन् । विदुषी गिरीको लेखन र निर्देशनमा निर्माण भएको छोटो चलचित्र 'चिसो घर' पहिलो प्रदर्शनी (वर्ल्ड प्रिमियर) को लागि छनोट भएको छ । उक्त चलचित्र 'फोकस साउथ एसिया' विधा अन्तर्गत छनोट भएको हो ।

महोत्सवमा सहभागी हुन पुगेका निर्देशक गिरीले अन्तर्राष्ट्रिय महोत्सवमा छनोट हुँदा उत्साहित भएको प्रतिक्रिया दिए । उनले भने, 'प्रतिस्पर्धामा सहभागी चलचित्रकर्मीहरूसँग ज्ञान र अनुभव साट्नुका साथै यहाँका चलचित्र हेर्न र आफ्नो चलचित्रका बारेमा आउने प्रतिक्रियाका निमित्त तयार रहेको छु ।'

नेपाली चलचित्र पछिल्लो समय विश्वका विभिन्न प्रसिद्ध महोत्सवमा छनोट भइरहेका छन् । मौलिक कथा छनोट गरिने यस्ता महोत्सवमार्फत नेपाली चलचित्र निर्माणको लगानीमा समेत सहयोग मिल्ने अपेक्षा गरिएको छ ।

# 'महाजात्रा'मा दिव्यदेव, गौमाया र शिशिर

**काठमाडौं (प्रस)–** नेपाली चलचित्र 'जात्रा' र 'जात्रै जात्रा'को सफलतापछि षट्कोण आर्ट्सको निर्माणमा बन्न लागेको तेस्रो शृंखला 'महाजात्रा' मा नयाँ कलाकार जोडिएका छन् । नयाँ शृफ्ला हरिवंश आचार्य जोडिएको खबर केही समय अगाडि नै सार्वजनिक भइसकेको छ भने दिव्यदेव पन्त, गौमाया गुरुङ र शिशिर बाङ्देल जोडिएका हुन् ।

कात्तिक १५ गतेदेखि छायाङ्कनको तयारी गरिएकाले महाजात्राको सम्पूर्ण तयारी पूरा भएको कार्यकारी निर्माता रवीन्द्रसिंह बानियाँले जानकारी दिए । उनले भने, "हामीले कलाकारको आवरण परीक्षण (लुक टेस्ट) गरिसकेका छौं । शृफ्लाप्रति बढ्दो दर्शकको विश्वासले गर्दा पनि स-सानो भूमिकामा समेत उहाँहरूको प्रिय कलाकारलाई लिएका हौं ।"

चलचित्रमा प्रदीप भट्टराईको लेखन तथा निर्देशन रहेको छ । उनले निर्देशन गरेका सम्पूर्ण चलचित्र बक्सअफिसमा व्यावसायिक रूपमा सफल हुनुका साथै दर्शक तथा समीक्षकलेसमेत रुचाएका छन् । "हामीले समाजकै कथालाई हासो र रोदनको मिक्षण गरेर पर्दामा ल्याउने गरेका छौं । यसैले पनि दर्शकको प्रिय बनिरहेका छौं । उहाँहरूको विश्वास अझैं बढाउनु हाम्रो दायित्व हो", निर्देशक भट्टराईले भने ।

म्याक्स दीपेश खत्री र यज्ञश्वर पौडेलले निर्माण गर्ने चलचित्रमा कसरी हास्यव्यङ्ग्य (कमेडी) यथार्थपरक र परिस्थितिजन्य हुन्छ भन्ने पुष्टि गरेको थियो । स्थापित शृफ्ला र दर्शकको विश्वासिलो समूहसँग सहकार्य गर्न पाउँदा आफू उत्साहित रहेको अभिनेत्री गुरुङले बताइन् । उनले भनिन्, "एउटा कलाकारको रूपमा उहाँहरूसँग काम गर्ने इच्छा पूरा हुँदैछ । दर्शक समक्ष नयाँ भूमिकामा प्रस्तुत हुने कुराले उत्साहित छु । यस्ता समूहसँग काम गर्न पाउँदा आफूलाई निखार्ने अवसर पाइन्छ ।"

यसमा विपीन कार्की, रवीन्द्रसिंह बानियाँ, वर्षा राउत, रवीन्द्र झा, अरविन्द खड्का, राजाराम पौडेललगायत कलाकारले अभिनय गर्नेछन् । 'जात्रा' चलचित्रको लोकप्रियताले छायाङ्कन नहुँदै अन्तर ष्ट्रिय प्रदर्शन अधिकार एमएसएम इन्टरटेनमेन्टले खरिद गरिसकेको छ ।

# कंगनाको तेजसले पहिलो दिन ५० लाखमात्रै कमायो

**मुम्बई–** कंगना रनावतको फिल्म तेजसलाई लिएर अहिले चर्चा परिचर्चा चलिरहेको छ । कंगनाको 'तेजस' सिनेमाघरमा रिलिज भइसकेको छ र फ्यानहरू निकै उत्साहित भएका थिए तर त्यो उत्साह लामो समय टिक्ने देखिएको छैन ।

तेजसमा कंगना वायुसेना पाइलटको भूमिकामा देखिएकी छिन् । यो फिल्मबाट जति अपेक्षा थियो, त्यो भने खेर गएको मिडिया रिर्पोट आएका छन । यो फिल्मलाई दर्शकसँगै समीक्षकले पनि त्यति नरुचाएको देखिएको छ ।

यसैबिचमा, फिल्मको पहिलो दिनको कलेक्शन सार्वजनिक भएको छ, जसलाई हेर्दा यसको अवस्था निकै नाजुक रहेको भन्न सकिन्छ ।

कंगना रनौतका यस अघिका धेरै फिल्म फ्लप भएका कारण मानिसहरूले तेजसबाट अपेक्षा गरेका थिए। फिल्मको ट्रेलरलाई धेरै मन पराइएको थियो तर वास्तविकतामा यो फिल्मलाई दर्शकले त्यति मन पराएनन । जसका कारण कंगनाको तेजसको कमाई करोडमा पनि छैन ।

पहिलो दिन कंगना रनौतको तेजस हेर्न निकै कम मानिस गएका थिए । सैकनिल्कको रिपोर्ट अनुसार तेजसले पहिलो दिन मात्र ५० लाखको व्यापार गरेको छ, जुन साच्चै नै निकै कम हो । यदि तेजसको अवस्था यस्तै रह्यो भने यो फिल्म सप्ताहन्तपछि नै हलबाट हटाउन फिल्म सञ्चालकहरू बाध्य हुनेछन् । तर, सप्ताहन्तमा फिल्मको कमाई बढ्ने अनुमान भने नगरिएको होइन् ।

तेजसको कुरा गर्ने हो भने यसलाई सर्वेश मारवाहले निर्देशन गरेका हुन् । फिल्ममा कंगनासँगै अंशुल चौहान, वरुण मित्रा, आशिष विद्यार्थी र विशाख नायरको पनि महत्वपूर्ण भूमिका रहेको छ । *एजेन्सी*

## रंगशाला

# चाडबाडको मेसोमा म्याग्दीका गाउँगाउँमा मेला र खेलकुद



■ प्रभाव संवाददाता

**म्याग्दी–** म्याग्दीका ग्रामीण क्षेत्र मेला र खेलकुदमय भएका छन् । दसैं, तिहारको अवसर पारेर ग्रामीण क्षेत्रमा भलिबल, बास्केटबल, फुटबल, महिला भलिबल, ब्याडमिन्टनलगायतका प्रतियोगिता आयोजना भएका हुन् । युवा क्लबले खेलकुदसँगै स्थानीय र राष्ट्रिय कलाकारको गीत, नृत्य प्रस्तुतिको कार्यक्रमले गाउँघर यतिबेला मेलामय भएको रघुगङ्गा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले बताए ।

'आठ वटा वडा रहेको हाम्रो रघुगङ्गा गाउँपालिकाको बादुक, भगवती र कोटगाउँमा बडादसैंको अवसरमा रु एक लाखभन्दा बढी पुरस्कार राशिको खेलकुद प्रतियोगिता सञ्चालन भएको छ', उनले भने, 'मेलापर्वले ग्रामीण क्षेत्रमा खेल प्रतिभाको पहिचान, संस्कृति संरक्षण र गीत तथा नृत्य कला प्रस्तुतिको अवसर मिलेको छ ।'

रघुगङ्गा गाउँपालिका-१ को बादुक भूमे युवा क्लबले आयोजना गरेको बास्केटबल, पुरुष भलिबल, प्रौढ भलिबल, महिला भलिबल, बाल बास्केटबल र नृत्य प्रतियोगिताका साथै खेलमैदानको शुक्रबार प्रतिनिधिसभा सदस्य खमबहादुर गर्बुजा (खम्बिर), गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर भण्डारी, पूर्वप्रदेश सांसद विनोद केसी र गाउँपालिका अध्यक्ष भण्डारीले उद्घाटन गरे ।

सोही अवसरमा गण्डकी प्रदेश सरकारको रु दश लाख अनुदान र स्थानीयको श्रमदानमा पुनःनिर्माण भएको बादुक खेलमैदान, सिङ्गापुर प्रहरीमा कार्यरत बादुकका मिथुन शेरपुञ्जाको नेतृत्वमा रु चार लाख २६ हजार चन्दा जुटाएर स्थापना गरिएको बास्केटबलको फाइवर बोर्डको पनि उद्घाटन गरिएको थियो ।

बादुकको बास्केटबल र पुरुष भलिबल प्रतियोगिताका विजेतालाई रु एक लाख १५ हजार पुरस्कार राखिएको छ । यसैगरी रघुगङ्गा गाउँपालिकाको वडा नम्बर २ भगवतीमा बडादसैंको अवसरमा आयोजित पुरुष भलिबल प्रतियोगिताको पुरस्कार राशि पनि रु एक लाखभन्दा बढी छ । मालिका गाउँपालिकाको वडा नम्बर १ निस्कोटमा कात्तिक ६ गते दसैं मेला सकिएको थियो ।

मालिका-२ रुममा भलिबल र वडा नम्बर ५ को देवीस्थान र वडा नम्बर ६ दरवाङमा फुटबल प्रतियोगिता आयोजना भएको छ । देवीस्थानको फुटबल प्रतियोगिताका विजेतालाई पनि रु एक लाख राशिको पुरस्कार राखिएको छ ।

सहर बजारबाट दश जोड दुई, क्याम्पस तहमा पढ्ने युवायुवती, विदेशबाट आएका प्रवासी र नेपालकै विभिन्न स्थानमा विविध पेसा र जागिरमा रहेका चाडपर्वको बिदामा खेलकुद प्रतियोगितामा रमाउने गरेका बादुक भूमे युवा क्लबका लोकेन्द्र गर्बुजाले बताए । मेलामा स्थानीय मौलिक गीत र नृत्य प्रस्तुत गर्ने चलन छ । मौलिक सोरठी, मारुनी, पुर्ख्यौली गीतमा नृत्य गर्ने गर्दछन् ।

बादुकको खेलकुद प्रतियोगिता र खेलमैदान उद्घाटन कार्यक्रममा प्रतिनिधिसभा सदस्य गर्बुजा र प्रदेश सांसद भण्डारीले मेला महोत्सवलाई सुरक्षित र व्यवस्थित बनाउनुपर्ने बताए । ग्रामीण क्षेत्रमा आयोजना भएका खेलकुद प्रतियोगिताबाट छानिएका खेलाडीलाई जिल्ला, प्रदेश, राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी हुने अवसर मिलाउने उनीहरूले बताए ।

राष्ट्रिय महिला भलिबल टिमकी कप्टान अरुणा शाही, महिला भलिबल खेलाडी कमला पुन, पवित्रा विसीलगायत म्याग्दीका धेरै खेलाडी प्रदेश, विभिन्न क्लब र राष्ट्रिय प्रतियोगितामा सहभागी भएका छन् । उनीहरू पनि यसैगरी ग्रामीण क्षेत्रमा आयोजना हुने गरेका खेलकुद प्रतियोगिताबाट नै छानिएर माथि पुगेका हुन् ।

## आइसिसी टी-२० विश्वकप छनोट

# नेपाली टिमको घोषणा

**काठमाडौं (प्रस)–** आइसिसी टी-ट्वान्टी विश्वकप एसिया क्षेत्र छनोट फाइनलका लागि नेपाली राष्ट्रिय क्रिकेट टोलीको घोषणा भएको छ ।

नेपाल क्रिकेट संघ क्यानले शनिबार छनोटका लागि १५ सदस्यीय टोलीको घोषणा गरेको छ । रोहित कुमार पौडेलको कप्तानीमा क्यानले घोषणा गरेको टोलीमा लेग स्पिनर सन्दीप लामिछाने रहेका छन् । घरेलु मैदानमा भएको त्रिकोणात्मक क्रिकेट सिरिजमा सन्दीप टोलीमा थिएनन् ।

यस्तै विकेट किपर ब्याट्सम्यान विनोद भण्डारी पनि टोलीमा अटाएका छन् । टियु र मुलपानी क्रिकेट मैदानमा हुने छनोट यहिँ कात्तिक १३ देखि १९ गतेसम्म आयोजना हुँदैछ । नेपाल रहेको समूह 'ए' मा सिंगापुर, ओमान र मलेसिया छन् । समूह 'बी' मा युएई, बहराइन, हङकङ र कुवेत छन् ।

यस छनोटको फाइनल पुग्ने दुई टोलीले अर्को वर्ष अमेरिका र वेस्ट इन्डिजमा आयोजना हुने टी-ट्वान्टी विश्वकप खेल्न पाउने छन् ।




**नेपाली टिमः**

रोहित पौडेल, कुशल भुर्तेल, आशिफ शेख, कुशल मल्ल, दीपेन्द्रसिं ऐरी, सन्दीप जोरा, गुल्सन झा, सोमपाल कामी, करण केसी, अविनाश बोहोरा, प्रतिस जिसी, विवेक यादव, सन्दीप लामिछाने, ललित राजवंशी, विनोद भण्डारी

# पलेशा आज नेपाल फर्कंदै

**काठमाडौं (प्रस)–** चौथो एसियाली पारा खेलकुदमा नेपाललाई ऐतिहासिक काँस्य पदक दिलाउन सफल पारा तेक्वान्दो खेलाडी पलेशा गोवर्धन आइतबार स्वदेश फर्कने भएका छन् ।

ऐतिहासिक पदकधारी पलेशा आइतबार बिहान ११:२० बजे त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थल आइपुग्ने तालिका रहेको छ । चीनको हाङझावमा भएको एसियाली पारा खेलकुदमा पलेशाले महिला के- ४४ क्याटगोरीअन्तर्गत ५७ केजीमुनि तौलसमूहमा काँस्य पदक जित्दै इतिहास रचेकी थिइन् । पलेशाले एसियाली पारा खेलकुदमा जितेको कांस्य पदक उनको मात्र नभइ नेपालकै लागि पनि अहिलेसम्म पहिलो र एक मात्र पदक हो ।

नेपालले एसियाली पारा खेलकुदमा सुरुको संस्करणदेखि नै सहभागिता जनाउदै आएको छ । पहिलो संस्करण चीनको ग्वाङझावमा सन् २०१० मा भएको थियो । तेक्वान्दो भने यसै संस्करणदेखि मात्र समावेश गरिएको हो ।

पलेशाले २०२१ मा बहराइनमा भएको एसियाली युथ पारा गेम्समा स्वर्ण जितेकी थिइन् । २०१८ मा भियतनाममा भएको चौथो एसियाली पारा तेक्वान्दो च्याम्पियनसिपकी काँस्य विजेता २० वर्षीय पलेशाले जापानमा भएको टोकियो पारा ओलम्पिक- २०२० मा दुई 'बाउट' जितेर इतिहास रचेकी थिइन् ।

पलेशाले सन् २०१८ मा काठमाडौं भएको दोश्रो काठमाडौं क्योरोगी तथा पुम्से अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगितामा स्वर्ण जितेकी थिइन् ।



मध्य चीनको हेनान प्रान्तको युझाउ सहरस्थित दाहोङझाई राष्ट्रिय वन निकुञ्जमा शरद ऋतुको आनन्द लिँदै पर्यटक । *तस्बिरः सिन्ह्वा*

# बंगलादेशमा सरकार विरोधी प्रदर्शनमा झडप

**ढाका–** बंगलादेशको मध्य ढाकामा विपक्षी समूहद्वारा शनिबार गरेको आन्दोलनमा प्रहरी र प्रदर्शनकारीबीच झडप हुँदा एक प्रहरीको मृत्यु भएको छ ।

केही घण्टासम्म चलेको हिंसात्मक झडपमा एक अधिकारीको मृत्यु हुनुका साथै सयौं व्यक्ति घाइते भएका प्रहरीले पुष्टि गरेको छ । विपक्षी समर्थकको ठूलो भीडमाथि शनिबार प्रहरीले अश्रुग्यास र रबरको गोली प्रहार गरेको थियो । बंगलादेशका दुई प्रमुख विपक्षी दलका एक लाखभन्दा बढी समर्थकले प्रधानमन्त्री शेख हसिनाको राजीनामा माग गर्दै प्रदर्शन गरेका छन् ।

प्रमुख विपक्षी दल बंगलादेश नेशनलिस्ट पार्टी (बिएनपी) को आधिकारिक फेसबुक पेजमार्फत सार्वजनिक लाइभ फुटेजमा एकपछि अर्को गरी साउण्ड ग्रिनेड पड्किएको र सडकबाट कालो धुवाँको मुस्लो उठेको देखिन्छ भने हजारौं मानिस सुरक्षाका लागि दौडिरहेका देखिन्छ ।

एएफपीका संवाददाताका अनुसार प्रहरीले अश्रुग्याँस र रबरको गोली प्रहार गर्दा राजधानीको मध्यभागका सडक र गल्लीहरूमा हिंसा फैलिएको थियो भने प्रदर्शनकारीहरूले ढुंगा र इँटा प्रहार गरेका थिए । ढाका महानगरीय प्रहरीका प्रवक्ता फारुक हुसेनले एएफपीसँग कुरा गर्दै भने, ' विपक्षी प्रदर्शनकारीहरूले हवल्दारको टाउकोमा छुरा प्रहार गरेका थिए ।

बिएनपी र सबैभन्दा ठूलो इस्लामिक पार्टी जमात-ए-इस्लामीको प्रदर्शन यस वर्ष अहिलेसम्मकै सबैभन्दा ठूलो भएको एएफपीका पत्रकारले बताएका छन् बंगलादेशका संस्थापक नेताकी छोरी हसिना १५ वर्षदेखि सत्तामा छिन् र बंगलादेशले प्रतिव्यक्ति कूल गार्हस्थ उत्पादनमा छिमेकी भारतलाई उछिनेर तीव्र आर्थिक वृद्धिको निरीक्षण गरिरहेकी छन्, तर मुद्रास्फीति बढेको छ र उनको सरकारमाथि भ्रष्टाचार र मानवअधिकार उल्लंघनको आरोप लगाइएको छ ।

प्रहरी निरीक्षक बच्चु मियाले रबरको गोलीबाट घाइते भएका कम्तीमा २० जनालाई देशकै सबैभन्दा ठूलो ढाका मेडिकल कलेज अस्पतालमा लगिएको एएफपीलाई जानकारी दिए । सहरको सबैभन्दा ठूलो क्याथोलिक चर्चअगाडि विपक्षी समर्थकले लाठी प्रहार गर्नुका साथै एउटा बस र एउटा प्रहरी चौकीमा आगजनी गरेपछि झडप सुरु भएको थियो ।

बिएनपीले हिंसाको विरोधमा आइतबार देशव्यापी हड्तालको आह्वान गरेको छ । पार्टीका प्रवक्ता जहीर उद्दिन स्वपनले एएफपीसँग भने, 'प्रहरी र सशस्त्र सत्तारूढ दलका कार्यकर्ताले हाम्रो शान्तिपूर्ण र्‍यालीमा आक्रमण गरेपछि दुईपक्षबीच तनाव बढेको थियो ।

प्रदर्शनमा अवाञ्छित गतिविधि रोक्न र शान्ति कायम गर्न कम्तीमा १० हजार प्रहरी तैनाथ गरिएको थियो भने हजारौं प्रदर्शनकारी सडकमा उत्रिएका थिए । *रासस⁄एएफपी*

# संयुक्त राष्ट्रसंघद्वारा गाजामा 'मानवीय सहायताका लागि युद्धविराम' को आह्वान

**संयुक्त राष्ट्रसंघ–** संयुक्त राष्ट्रसंघीय महासभाले शुक्रबार गाजामा 'मानवीय सहायताका लागि युद्धविराम' को आह्वान गर्दै इजरायल र गाजाका हमास शासकबीचको शत्रुताको अन्त्यको लागि गैरबाध्यकारी प्रस्तावलाई पारित गरेको छ । यो हमास आक्रमणपछि इजरायल र प्यालेस्टिनी क्षेत्रमा चर्किएको हिंसात्मक गतिविधिका लागि सयुक्त राष्ट्रसंघको पहिलो प्रतिक्रिया हो ।

विश्व समुदायको छाता संगठनको रूपमा रहेको १९३ सदस्यीय यस निकायले अमेरिकाले समर्थन गरेको क्यानडाको संशोधनलाई अस्वीकार गरेपछि ४५ देशको अनुपस्थितिमा १२० का विरूद्ध १४ मत फरकले प्रस्ताव पारित गरेको छ । सयुक्त राष्ट्रसंघका लागि प्यालेस्टिनी राजदूत रियाद मन्सुरले महासभालाई विभाजित संयुक्त राष्ट्रसंघभन्दा अधिक साहासी र सैद्धान्तिक बन्नुपर्नेमा जोड दिए ।

विगत दुई सातामा चारपटक सहमतिका लागि गरिएको प्रयासमध्ये दुई भिटो शक्तिका कारण र अन्य दुई सहमतिको पक्षमा कम्तीमा नौ मत नपुग्दा विफल भएका छन् । इजरायलको संयुक्त राष्ट्रसंघीय राजदूत गिलाड एर्डनले मतदानपछि भने, 'हमासको आतंककारी क्षमता नष्ट नभएसम्म र हाम्रा बन्धकहरूलाई फिर्ता नगरेसम्म इजरायलले कारबाही बन्द गर्ने छैन ।' उनका अनुसार हमासलाई नष्ट गर्ने एउटै मात्र उपाय उनीहरूको सुरुङ र आतंकवादी सोचलाई जरैबाट हटाउनु हो ।

संयुक्त राज्य अमेरिकाद्वारा समर्थित क्यानडाको संशोधनलाई अस्वीकार गरेपछि ४५ सदस्यको अनुपस्थितिसहित १९३ सदस्यीय वैश्विक निकायले १२० को विरूद्ध १४ मतले प्रस्ताव पारित गरेको थियो । उसले अक्टोबर ७ मा हमासले गरेको ' आतंकवादी हमला'को स्पष्ट निन्दा गर्नुका साथै हमासले कब्जामा लिएका बन्धकहरूलाई तत्काल रिहा गर्न माग गरेको थियो, जसको उल्लेख अरबले तयार पारेको प्रस्तावमा गरिएको छैन ।

संयुक्त अरब इमिरेट्स (युएई) का राजदूत लाना नुसिबेह, सुरक्षा परिषद्का अरब प्रतिनिधिले पनि परिणामप्रति खुसी व्यक्त गरेका छन् । 'यस प्रकारको भूराजनीतिक वातावरणमा १२० मत अन्तर्राष्ट्रिय कानुन, बल प्रयोगको समानुपातिक प्रयोगको समर्थनको उच्च संकेत हो र यो अहिले धरातलमा भइरहेको यथास्थितिलाई अस्वीकार गर्नु हो,' उनले भने ।

प्रस्तावको विपक्षमा मतदान गर्ने १४ मुलुकहरूमा इजरायल र यसको निकटतम सहयोगी संयुक्त राज्य अमेरिका, पाँच प्रशान्त टापु राष्ट्रहरू र चार युरोपेली देशहरू अस्ट्रिया, क्रोएसिया, चेकिया र हंगेरी रहेका छन् । इयूका आठ सदस्य राष्ट्रले पक्षमा मतदान गरेका थिए । संयुक्त राष्ट्रसंघका लागि फ्रान्सका राजदूत निकोलस डे रिभिएरेले आफ्नो देशले यो प्रस्तावलाई समर्थन गरेको र 'कुनै पनि कुराले नागरिकको पीडालाई न्यायोचित ठहराउन नसक्ने' बताएका छन् ।

मन्सुरले भने, 'युरोपेली मतले सुरक्षा परिषद्को प्रस्ताव पारित गर्न वा यो युद्ध रोक्न इजरायलमा अधिकतम दबाब सिर्जना गर्न 'धेरै सहयोगी' हुन सक्ने संकेत गरेको छ ।' गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार हमासको आक्रमणबाट करिब एक हजार ४०० इजरायलीको मृत्यु भएको छ भने इजरायलको जवाफी हवाई आक्रमणमा सात हजारभन्दा बढी प्यालेस्टिनी मारिएका छन् । गाजामा बढ्दो मृत्यु र विनाशले गाजाका २३ लाख मानिसहरूलाई अति आवश्यक खाद्यान्न, पानी, औषधि र इन्धन उपलब्ध गराउन 'मानवताका लागि युद्धविराम' को लागि अन्तर्राष्ट्रिय समर्थन प्राप्त गरेको छ ।

संयुक्त अरब इमिरेट्सका नुसेइबेहले पत्रकारहरूसँग भने, 'सुरक्षा परिषद्को प्रस्तावजस्तो महासभाका प्रस्तावहरू कानुनी रूपमा बाध्यकारी हुँदैनन् तर तिनीहरूले अविश्वसनीय वजन र नैतिक अधिकार बोकेका हुन्छन् ।' उनले सुरक्षा परिषद्का १० निर्वाचित सदस्यले महासभाबाट 'नैतिक अधिकार' लिने र परिषद्को प्रस्तावमा रहेको अवरोध तोड्ने प्रयास गर्ने बताएका छन् ।

प्यालेस्टाइनको कब्जामा रहेका क्षेत्रमा इजरायली गतिविधिबारे महासभाको आपत्कालीन विशेष अधिवेशनमा ११३ वक्ताको सूचीमार्फत मतदान भएको हो । जोर्डनका संयुक्त राष्ट्रसंघका राजदूत महमुद हमुदले संयुक्त राष्ट्रसंघको २२ राष्ट्रको अरब समूहको तर्फबाट बोल्दै प्यालेस्टिनी जमिनमा बढ्दो आक्रामक स्थितिको तात्कालिकतालाई ध्यानमा राख्दै यस प्रस्तावमा कदम चाल्न आह्वान गरेका थिए ।

शुक्रबार पारित गरिएको प्रस्तावमा तत्काल, दिगो र स्थायी मानवीय युद्धविरामको लागि आह्वान गर्नुका साथै सबै पक्षहरूले अन्तर्राष्ट्रिय मानवीय सहयोग र मानव अधिकारअन्तर्गत आफ्ना दायित्वहरू तुरुन्तै पालना गर्न माग गर्दछ । *रासस⁄एपी*


# मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GOLD COLD TRANSPORT SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०५/१७ पूर्व स्वीकृति मिति २०८०/०७/११ LT. No. 291981 चलानी नं. ६०२०७१३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Goods And Labor Transportation Workers | 166 | 0 | 1500 | ४१७०९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक १९ गते (5 Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कःनि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११९७/०७३/०७४

**SWIFT H.R. SOLUTION PVT. LTD.**

Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com

# साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ACHIEVEMENT DEALING CORPORATION FOR OPERATION AND MAINTENANCE

पूर्व स्वीकृति मिति २०८०/०७/०२ LT. No. 294228 चलानी नं. ६०२०९३८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading and Unloading Labor | 10 | 0 | 1000 | ३५,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० कार्तिक १९ गते (5 Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SAGARMATHA INTERNATIONAL EMPLOYMENT PVT LTD

**Sagarmatha International Employment Pvt. Ltd.**

K.B INTERNATIONAL EMPLOYMENT (P) LTD

Airport, Kathmandu, Nepal. Tel : +977-1-4112758, Mobile: 9851027865, 9803885095 9823810701, E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com


**Sudurpashchim Province Government**
Ministry of Industry, Tourism, Forests and Environment
Forest Directorate
**Division Forest Office, Bajura**

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

## Invitation for Bids

**Date of Publication: 2080/07/12**

1. ***Division Forest Office, Bajura*** invites electronic bids from Nepalese eligible bidders for the following construction works under National Competitive Bidding procedures.

| Contract ID | Project Title | Location | Estimated Budget (Rs. Including VAT) | Bid Security Fee (Rs.) |
|---|---|---|---|---|
| DFO/Bajura/Works/ NCB/01/2080/081 | DFO Building Constrution | Badimalika NP, Martadi, Bajura | 81,36,129/00 | 2,00,000/00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office *of Division Forest Office, Bajura Email: dfobajura12345@gmail.com* or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder are required to submit their bid electronically and may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp. Bidders should deposit the cost of non-refundable fee of NRs. 3000 for each bidding document in the Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank** : Rastriya Banijya Bank;
   **Name of Office** : Division Forest Office, Bajura
   **Office Code no.** : 3070269017;
   **Rajaswa (revenue) Shirshak No.**: 14229
   **For Bid Security deposit:**
   **Name of the Bank** : Rastriya Banijya Bank
   Acc No. 4070100202030000 KHA-2-3 (Dharauti Ac (PRA.LE.NI.KA)
4. Electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egp on before 12:00 hr (31st day from the date of publication of first notice). Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hr on 31st day from the date of publication of first notice at the office of ***Division Forest Office, Bajura***. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid. Bidder must clearly quote the contract name and contract number in Bid security form (Bank guarantee) otherwise will cause disqualification of Bidder
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Bids should comply in all respects with the Instructions to Bidder included in the Bid Document. Non-compliance with this instruction will result in disqualification.
8. In the case of discrepancies or error in bid documents, bid notice or any other documents, ***Division Forest Office, Bajura*** have the right to amend and correct at any time.
9. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.


# वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार–सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्युनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्युनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११७००० | प्रति तोला – ११६४५० | प्रति तोला – १४१५ |



**स्ट्रेबरी खेती** | चितवनको भरतपुर महानगरपालिका–५ मा रहेको नेपाल एग्रोभाइन प्रालिमा करिब डेढ विघा जमिनमा व्यावसायिक रूपमा गरिएको स्ट्रबेरी खेती ।

*तस्बिरः कृष्ण आचार्य/रासस*

## नेपालको जलविद्युत्‌ले राम्रो बजार पाउने

■ प्रभाव संवाददाता

**काठमाडौं–** भारतले आफ्नो देशभन्दा बाहिरका जलविद्युत् आयोजनाहरूबाट उत्पादित विद्युत् खरिद गरी खपत गरेमा त्यसलाई पनि नवीकरण ऊर्जा अंश गणना हुने व्यवस्था गरेको छ ।

भारतको विद्युत् मन्त्रालयले यही ३ कात्तिकमा राजपत्रमा सूचना प्रकाशित गर्दै सन् २०२४-२०२५ देखि २०२९-२०३० सम्मका लागि नवीकरणीय ऊर्जाको न्यूनतम खपत अंश तोकेको छ। यसमा वायु, जलविद्युत्, वितरित र अन्य नवीकरणीय ऊर्जाको खपत हिस्सालाई तोकिएको छ ।

भारतका अनुमतिपत्र प्राप्त वितरण कम्पनी र खरिदकर्ताका लागि अनिवार्य जलविद्युत् खरिद (एचपिओ) को न्यूनतम खपत अंश तोक्दै केन्द्रीय सरकारबाट भारतमा विद्युत् बिक्रीका लागि स्वीकृति प्राप्त छिमेकी देशका जलविद्युत् आयोजनाहरूबाट खरिद गरिएको विद्युत्लाई पनि नवीकरणीय ऊर्जा खपत अंशमा राख्ने पाउने व्यवस्था गरेको हो । यसअघि यस्तो एचपिओको व्यवस्था भारतमा उत्पादित जलविद्युत् आयोजनाहरूबाट खरिद गरिएको विद्युत्मा मात्र व्यवस्था थियो ।

भारतले नवीकरणीय ऊर्जा खपत हिस्सा सन् २०२४ देखि २०२५ सम्ममा २९ दशमलव ९१ प्रतिशत र सन् २०२९ देखि २०३० सम्ममा बढाएर ४३ दशमलव ३३ प्रतिशतको लक्ष्य भेट्नुपर्ने छ । यसमध्ये जलविद्युत् खपत हिस्सा सन् २०२४ देखि २०२५ मा शून्य दशमलव ३८ र सन् २०२९ देखि २०३० सम्ममा बढाएर एक दशमलव ३३ प्रतिशतको लक्ष्य भेट्नुपर्ने छ । यसका लागि ३१ मार्च २०२४ पछि सञ्चालनमा आएका जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत्लाई मात्र गणना हुने व्यवस्था गरिएको छ । तोकिएको एचपिओको हिस्सा पुऱ्याउनै पर्ने र नपुऱ्याउने वितरण कम्पनी तथा विद्युत् खरिदकर्तालाई जरिवाना हुने व्यवस्था गरिएको छ ।

अन्य नवीकरणीय ऊर्जाका लागि तोकिएको खपत अंश १ अप्रिल २०२४ अघि सञ्चालनमा आएका जलविद्युत् आयोजनाबाट खरिद गरिएको विद्युत्लाई समेत गणना गर्न सकिने व्यवस्था छ ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले अनिवार्य जलविद्युत् खरिदको नयाँ व्यवस्था व्यावहारिक रूपमा लागू भए नेपाल, भारत र भूटानलाई फाइदा पुग्ने बताए । 'आफ्नो देशभन्दा बाहिरका जलविद्युत् आयोजनाबाट खरिद गरिएको विद्युत्लाई पनि एचपिओमा समावेशको व्यवस्था गर्न हामीले लामो समयदेखि भारतलाई आग्रह गर्दै आएकामा अहिले यसलाई समेटिएको छ । यसले भारतका विद्युत् वितरण कम्पनी तथा खरिदकर्तालाई जलविद्युत् आयोजनाहरूको विद्युत् खरिद गर्न सजिलो हुने छ', कार्यकारी निर्देशक घिसिङले भने, 'यो व्यवस्था व्यावहारिक रूपमा कार्यान्वयन भएमा नेपालको जलविद्युत्‌ले भारतमा राम्रो बजार पाउने छ ।'

प्राधिकरणले देशभित्र खपत गरी बचत भएको वर्षायामको विद्युत् भारततर्फ निर्यात गर्दै आएको छ । प्रााधिकरणले आइएक्सको डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत र केही अघिबाट मध्यकालीन विद्युत् सम्झौताबमोजिम करिब एक सय १० मेगावाट विद्युत् भारतीय कम्पनी एनटिपिसी विद्युत् व्यापार निगम लि-एनभिभिएनलाई बिक्री गरिरहेको छ । एनभिएनले उक्त विद्युत् हरियाणा राज्यमा बिक्री गरिरहेको छ । भारतको केन्द्रीय विद्युत् प्राधिकरणले प्रतिस्पर्धी बजारमा निर्यातका लागि स्वीकृति दिइएकै पाँच सय २२ मेगावाटमध्येबाट पहिलो चरणमा करिब ४४ मेगावाट विद्युत् रियल टाइम मार्केटमा बिक्रीलाई पनि अनुमति दिएको छ। नेपाल विद्युत् प्राधिकरणले प्रतिस्पर्धी बजारमा पाँच सय २२ मेगावाट र एनभिभिएनलाई एक सय १० मेगावाट गरी छ सय ३२ मेगावाट विद्युत् निर्यातका लागि स्वीकृति पाएको छ ।

## बक्यौता महसुल उठाउन लाइन काट्दै प्राधिकरण

■ प्रभाव संवाददाता

**काठमाडौं–** विद्युत् उपभोक्ताबाट असुल उपर गर्नुपर्ने विद्युत् महसुल बक्यौता वृद्धि हुँदै गएपछि नेपाल विद्युत् प्राधिकरणले त्यस्ता उपभोक्ताको लाइन काट्ने कार्यलाई तीव्रता दिने भएको छ ।

विगतमा डेडिकेटेड फिडर तथा ट्रङ्क लाइनबाट विद्युत् लिएका उपभोक्ताबाट असुल उपर गर्नुपर्ने बक्यौता महसुल र सडक बत्तीबापत स्थानीय निकायले तिर्नुपर्ने महसुलबाहेक अन्य उपभोक्ताबाट गत भदौ मसान्तसम्म करिब रु ११ अर्ब १८ करोड ६८ लाख बराबर रहेको छ ।

विद्युत् महसुल समयमा भुक्तान नगर्ने उपभोक्ताको हकमा मौजुदा महसुल सङ्कलन विनियमावली, २०७८ बमोजिम मिटर रिडिङ भएको १६औं दिनदेखि थप दस्तुर आकर्षित हुने व्यवस्था छ । मिटर रिडिङ भएको मितिले १६औं दिनदेखि ३०औं दिनसम्म पाँच प्रतिशतका दरले थप शुल्क लाग्नेछ ।

यस्तै, ३१औं दिनदेखि ४०औं दिनसम्म १० प्रतिशतका दरले थप दस्तुर लाग्ने प्रावधान छ । मिटर रिडिङ भएको मितिले ४०औं दिनसम्म पनि विद्युत् महसुल नबुझाउने उपभोक्तालाई ४१औं दिनदेखि बिलको २५ प्रतिशतका दरले थप दस्तुर लाग्ने व्यवस्था रहेको छ ।

यसरी २५ प्रतिशतका दरले थप दस्तुर लागेको ६०औं दिनसम्म पनि बक्यौता महसुल नबुझाउने विद्युत् उपभोक्ताको विद्युत् लाइन काट्न सकिने प्रावधान उक्त विनियमावलीमा रहेको छ । लाइन काटेको छ महिनासम्म पनि बक्यौता महसुल नबुझाउने विद्युत् उपभोक्ताहरूलाई कालोसूचीमा राखी असुली प्रक्रिया अगाडि बढाउने प्रावधान पनि प्राधिकरणको विनियमावलीमा रहेको छ ।

अब प्राधिकरणले विनियमावलीको यही प्रावधानका आधारमा मिटर रिडिङ भएको मितिले ६०औं दिनसम्म पनि बक्यौता विद्युत् महसुल भुक्तान नगर्ने उपभोक्ताको चरणबद्ध रूपमा विद्युत् लाइन काटी बक्यौता महसुल असुल उपर गर्ने नीति तय गरेको प्राधिकरणका उपकार्यकारी निर्देशक मनोज सिलवालले जानकारी दिए ।

विद्युत् महसुल बाँकी रहेका सरकारी कार्यालयहरूको विद्युत् लाइन काट्ने काम हुन्छ हुँदैन भन्ने एक प्रश्नको जवाफमा त्यस्ता सरकारी कार्यालयहरूको पनि अन्य उपभोक्तासरह नै विद्युत् लाइन विच्छेद गरी बक्यौता महसुल असुली अभियान अघि बढाइने प्राधिकरणले जनाएको छ ।

विद्युत् महसुल बुझाउने विषयमा सरकारी कार्यालय अझ सजक र जिम्मेवार बन्नुपर्ने प्राधिकरणले बताए। यसअघि डेडिकेटेड फिडर तथा ट्रङ्क लाइनबाट विद्युत् सेवा लिएका उपभोक्ताबाट असुलउपर गर्नुपर्ने बक्यौता महसुल करिब रु २१ अर्ब ८७ करोड ८५ लाख र सडक बत्तीबापत स्थानीय निकायहरूले तिर्नुपर्ने बक्यौता महसुल करिब रु छ अर्ब आठ करोड ९४ लाख रहेको छ ।

यस्तै, शीतभण्डार तथा दुग्ध चिस्यान केन्द्रलाई नेपाल सरकारको निर्णयअनुसार विद्युत् महसुलमा ५० प्रतिशत अनुदान उपलब्ध गराएको रकम करिब रु ६६ करोड १६ लाख सरकारबाट प्राप्त हुन बाँकी रहेको छ ।

डेडिकेटेड फिडर तथा ट्रङ्क लाइनबाट विद्युत् सेवा लिएका उपभोक्तासँगको बक्यौता महसुल बुझाउने समयसीमा तोकी प्राधिकरणले सार्वजनिक सूचना प्रकाशित गरेको छ । सो समयसीमाभित्र महसुल नबुझाउने उपभोक्ताहरूको विद्युत् लाइन काट्ने प्राधिकरणको तयारी छ । सडक बत्तीबापतको विद्युत् महसुल नतिर्ने स्थानीय निकायको नामसहित प्राधिकरणले बक्यौता महसुल विवरणसहित ४५ दिनको समय तोकी मिति गत असोज २१ गते सूचना प्रकाशित गरेको छ ।

सूचनामा तोकिएको समयमा महसुल नबुझाउने स्थानीय निकायहरूको विद्युत् लाइन काट्ने सम्बन्धमा प्राधिकरणले सम्बन्धित स्थानीय विद्युत् वितरण केन्द्रलाई निर्देशन दिइसकिएको छ ।

## भारुको कारोबार नहुँदा समस्या

**धनगढी (प्रस)–** सीमा क्षेत्रका सहरमा रु एकसयभन्दा बढी दरका भारतीय मुद्राको कारोबार नहुँदा व्यापारिक कारोबारमा प्रतिकूल असर पुगेको छ । नेपाली बजारमा भारतीय मुद्राको कारोबार रोकिँदा आर्थिक कारोबारमा समस्या भइरहेको धनगढीका व्यापारी सुभाश चौधरीले बताए । 'नेपाल राष्ट्र बैंकले रु एकसय भन्दा बढी दरको भारु नोटको कारोबार नगर्न भनेको छ,' चौधरीले भने, 'कुनै पनि ग्राहकले भारु नोट लिन मान्दैनन्, यसले गर्दा आफूहरूको व्यापारमा नकारात्मक असर पुगेको छ ।'

भारुको कारोबार रोकिँदा काम विषेशले भारतका सहरमा जानुपर्ने सर्वसाधारणलाई बढी समस्या हुने गरेको छ। भारतबाट नेपाल भित्रिन चाहने भारतीय नागरिकसमेत समस्या परेका छन् । गौरीफन्टा सीमानाका हुँदै धनगढी भित्रिन चाहने कतिपय भारतीय नागरिक रु पाँचसय दरको भारु नोट नचल्ने सूचना पाएसँगै सीमा क्षेत्रबाट नै फर्किन थालेका छन् ।

नेपाली मुद्रामा कारोबार हुने सीमापारी बनगाउँका व्यापारीले नेपाली ग्राहकसँग नेरुको भारु सटही गर्दासमेत कतिपय ग्राहक ठगिने गरेको अर्को समस्या पनि छ । उनीहरूले सटही गर्दा चलनचल्ती भन्दा कम दिने गरेको मालसामान किनमेलका लागि बनगाउँ बजार पुग्ने नेपाली ग्राहकले बताएका छन् । चाडपर्व सुरु भएसँगै बनगाउँ बजारमा मालसामान किनमेलका लागि नेपाली ग्राहकको भीड लाग्ने गरेको छ ।

सीमाक्षेत्रका नेपाली बजार क्षेत्रमा खाने तेल, मरमसला, चिनी, दालका साथै लत्ताकपडाको मूल्यको तुलनामा बनगाउँमा केही सुपथ मूल्यमा मालसामान पाइने भएपछि बनगाउँ पुग्नु परेको उपभोक्ताले बताएका छन् ।

## माछापुच्छ्रेको पदमार्ग व्यवस्थापन गर्न पर्यटन शुल्क

**अन्नपूर्ण (प्रस)–** कास्कीको माछापुच्छ्रे गाउँपालिकाभित्रका पदमार्गमा जाने पर्यटकले शुल्क तिर्नुपर्ने भएको छ । माछापुच्छ्रे गाउँपालिकाले पदमार्गमा पूर्वाधार निर्माण र व्यवस्थापनका लागि पर्यटकसँग शुल्क लिने निर्णय गरेको हो । गाउँसभाको निर्णयअनुसार आन्तरिक र बाह्य पर्यटकका लागि छुट्टाछुट्टै शुल्क लिइने प्रमुख प्रशासकीय अधिकृत गोपीकृष्ण अर्यालले जानकारी दिए ।

गाउँपालिकाले एक सूचना प्रकाशित गरी यस विषयमा जानकारी गराएको हो । सूचना अनुसार पालिकाभित्रको पदमार्गमा जाने विदेशी पर्यटकले पाँच सय र नेपाली पर्यटकले एक सय रूपैयाँ तिर्नुपर्ने छ । गाउँपालिकाले पर्यटकीय पदमार्गमा सामान्य पूर्वाधार निर्माण, सूचना केन्द्र स्थापना, सोलार बत्ती जडान, फोहरमैला व्यवस्थापन लगायतका सुविधा निर्माण तथा व्यवस्थापन गर्न पर्यटन सेवा शुल्क लिने गरिएको उनले बताए ।

स्थानीय तहको अधिकार सूचीअनुसार पालिकाको आर्थिक ऐन २०८० को अनुसूची ६ दफा ७ अनुसार शुल्क तोकिएको माछापुच्छ्रे गाउँपालिका-८ का वडाध्यक्ष रामबहादुर गुरुङले जानकारी दिए ।

## दसैं बिदामा सौराहाका होटल भरिभराउ

■ प्रभाव संवाददाता

**भरतपुर–** दसैं बिदाका समयमा चितवनको पर्यटकीय नगरी सौराहाका होटल भरिभराउ भएका छन् । दसैंअघि सुनसान रहेका होटल दसैंपछि भरिभराउ भएपछि व्यवसायी उत्साहित भएका छन् । सौराहामा आन्तरिकसँगै भारतीय र तेस्रो मुलुकका पर्यटक पनि आएका छन् । दसैं सुरु भएपछि अधिकांश होटल पर्यटकले भरिएको व्यवसायीले बताएका छन् ।

क्षेत्रीय होटल सङ्घ चितवन सौराहाका अध्यक्ष नरेश गिरीले पर्याप्तमात्रामा आन्तरिक तथा बाह्य पर्यटक नआउँदा निरास पर्यटन व्यवसाय चाडबाड सुरु भएसँगै पुनःतङ्गिन थालेको बताए । 'दसैंअघि सौराहा सुनसान जस्तै थियो', उनले भने, 'पर्यटकीय सिजन सुरु भएसँगै पर्यटक बढ्न थालेका छन् ।' देशमा बढ्दो अर्थतन्त्रको समस्याले कतै आन्तरिक पर्यटकको संख्यामा पनि कमी आउने हो कि भन्ने चिन्तामा रहेका व्यवसायीलाई दसैंको माहोलले भने केही उत्साहित बनाएको गिरीले बताए । उनले दसैंपछि सौराहाका सबै होटल पर्यटकले भरिभराउ भएको जानकारी दिए ।

आन्तरिक तथा विदेशी पर्यटकको चहलपहल बढ्दै जाँदा सुस्ताउँदै गरेको सौराहाको पर्यटनलाई पुनःपुरानै लयमा फर्काउने राम्रो सङ्केत दिएको सौराहाका पर्यटन व्यवसायी वासु ढुङ्गाना बताउँछन् । उनले दसैंमा पर्यटकको आगमनले व्यवसायीलाई उत्साहित बनाएको बताए ।

दसैंको टीकापछि सौराहामा झनै पर्यटकको संख्या बढेको छ । शुक्रबार साँझ सौराहामा थामिनसक्नु भीड थियो । सौराहाको ड्यामसाइटका रेष्टुरेन्ट तथा होटल भरिभराउ थिए । होटल हर्मिटेजका सौराहाका सञ्चालक रमेश रेग्मी आन्तरिकसँगै सौराहामा बाह्य पर्यटकको संख्या पनि बढेको बताए ।

उनले बाह्य पर्यटक आउने समय भएका कारण पनि सौराहामा चहलपहल बढेको भन्दै व्यवसायमा केही उत्साह थपेको बताए । उनका अनुसार रसिया, अमेरिका, क्यानडा, अष्ट्रेलियालगायतका देशबाट घुम्नका लागि पर्यटक यहाँ आएका छन् ।

पछिल्लो समय नेपालीमा घुम्ने संस्कृतिको विकास भइरहेको छ । सौराहामा विदेशीभन्दा स्वदेशी पर्यटकको संख्या बढ्दो छ । दसैंका बेलामा घुम्नुपर्छ भन्ने मान्यताले पर्यटकीय क्षेत्र स्वदेशी पर्यटकले नै भरिराउँछ देखिन्छ । आन्तरिक पर्यटक मिता आचार्य दसैं बिदाको समय पारेर सौराहा घुम्न आएको बताए ।

उनले सौराहामा रहँदा निकुञ्जमा जीप सफारी र राप्ती नदीमा डुङ्गा सयर गरेको बताए । पर्यटकीय सिजन सुरु भएसँगै आन्तरिक पर्यटक मात्र होइन अहिले विदेशी पर्यटक पनि सौराहामा देखिन थालेका छन् । उनीहरू सौराहा र चितवन राष्ट्रिय निकुञ्ज भ्रमण गर्न पाउँदा खुसी छन् । अमेरिकाबाट घुम्न आएकी पर्यटक एन्जेला भन्छिन्, 'चितवन निकुञ्जका वन्यजन्तुले र चराचुरुङ्गीले मन लोभ्यायो । यहाँको प्राकृतिक वातावरणमा घुम्न पाउँदा मन आनन्दित भयो ।'

पछिल्लो समय आन्तरिक पर्यटकले धान्दै आएको सौराहाका पर्यटनमा स्तरीय होटलको अभाव खड्किदै गइरहेको छ। त्यही अभावलाई पूर्ति गर्न विदेशी पर्यटकलाई लक्षित गर्दै सिद्धार्थ भिलासा वनबासजस्ता रिसोर्ट पनि खुलेका छन् भन्ने अन्य खुल्ने तयारीमा छन् ।

सौराहा वरपर साना तथा ठूला गरेर एक सय ५० होटल रहेका छन् भने ५० भन्दाबढी रेष्टुरेन्ट रहेका छन् । सौराहामा चितवन राष्ट्रिय निकुञ्जमा जीप सफारीका साथै डुङ्गा सयर, हात्ती सफारीका लागि पर्यटक आउने गरेका छन्। चितवन राष्ट्रिय निकुञ्जका अनुसार गत वर्ष निकुञ्जमा स्वदेशी तथा विदेशी गरी करिब तीन लाख पर्यटकले भ्रमण गरेका छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ